# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक १९७ | काठमाडौं | सोमबार, ०१ मंसिर २०८२ | Prabhab National Daily | Monday, 17 November 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५|-



**चिसो मौसममा सुरक्षित रहौं**

चिसो मौसममा:

- तातो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
- न्यानो सिरक ओढेर सुत्ने गरौं,
- जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
- चिसोमा हिंडडुल (मर्निङ्ग वाक) नगरौं,
- कुनै समस्या देखिए तुरून्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

**सावधानी अपनाऔं, स्वस्थ रहौं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


# जाँचबुझ आयोगसँग सशंकित प्रहरी

## आयोगका अध्यक्ष प्रहरी संगठनलाई थप कमजोर बनाउन लागिपरेको आरोप

■ जेबी योञ्जन



**काठमाडौं–** जेन-जी विद्रोहको क्रममा भएका घटनाहरूको छानबिन गर्न गठन भएको जाँचबुझ आयोगले निवर्तमान प्रहरी महानिरीक्षक (आइजिपी) चन्द्रकुवेर खापुङलाई अवकाशकै दिन 'स्थान हद' तोकेपछि प्रहरी संगठनभित्र असन्तोष र आशंका बढेको छ ।

सुरक्षावृत्तमा आयोगले प्रहरी संगठन र तिनको पूर्वनेतृत्वविरुद्ध चालेको कदमलाई प्रतिशोधपूर्ण व्यवहार भनेर टिप्पणीसमेत भइरहेको छ । आयोगले गत २७ कात्तिकमा खापुङलाई स्थान हद तोकेको थियो । उनलाई विदेश यात्रामा रोकसमेत लगाएको थियो ।

आयोगको अध्यक्ष पूर्वन्यायाधीश गौरीबहादुर कार्की हुन् । उनी खापुङसँग असन्तुष्ट छन् । त्यसो हुनाले उनी नेतृत्वको आयोगले गर्ने जाँचबुझमा निष्पक्षताको प्रश्नसमेत उठेको छ । यस्तोमा प्रहरी संगठनलाई कमजोर पार्नेगरी आयोग अघि बढेको भन्दै यतिबेला सुरक्षावृत्तबाट चिन्ता प्रकट भइरहेको छ ।

पूर्वप्रहरी अतिरिक्त महानिरीक्षक राजेन्द्रसिंह भण्डारीले प्रभावसँग भने, 'जेन-जी विद्रोहको बेला फिल्डमा नेपाली सेना र सशस्त्र प्रहरी पनि खटिएका थिए । तर, प्रहरी र प्रहरीको नेतृत्वलाई निशाना बनाउनु पूर्वाग्रही हो ।'

जेन-जी विद्रोहको बेला फिल्डमा खटिएका प्रहरी अधिकारीहरूको विवरण माग्दा खापुङले जवानदेखि आइजिपीसम्म फिल्डमै रहेको जवाफ पठाउँदा कार्की असन्तुष्ट भएका थिए । भनिन्छ, आयोग अध्यक्ष कार्की तुरुन्तै खापुङलाई कारबाही गर्ने अडानमा पुगेका थिए । उनलाई आयोग सदस्यसमेत रहेका पूर्वएआइजी विज्ञानराज शर्माले रोकेको एक जना उच्च प्रहरी स्रोतले जनायो ।

> ▸ आयोगको निशानामा प्रहरी संगठन र तिनको निवर्तमान नेतृत्व खापुङ
> ▸ प्रहरीविरूद्ध आयोग कठोर हुने संशय
> ▸ जेन-जी विद्रोहकै बेला कार्की प्रहरीविरूद्ध खडा
> ▸ आयोग प्रहरीविरूद्ध प्रतिशोधी बनेको टिप्पणी

उनका अनुसार शर्माले अवकाशको दिनमा प्रहरीको नेतृत्व हटाउँदा संगठनमा नराम्रो सन्देश जान्छ भन्दै कार्कीलाई सम्झाएका थिए । आयोग अध्यक्ष कार्की जेन-जी विद्रोहको बेला प्रहरीविरुद्ध पूरै नकारात्मक थिए । उनले त्यसबेला सामाजिक सञ्जालहरूमा प्रहरीलाई कारबाही गर्नुपर्ने, जेलमा हाल्नुपर्ने, विदेश यात्रामा रोक लगाउनुपर्ने जस्ता प्रहरीविरोधी अभिव्यक्ति दिएका थिए ।

त्यसैले गर्दा पनि उनी नेतृत्वको आयोग प्रहरीविरुद्ध कडा रूपमा प्रस्तुत हुन लागेको पूर्वएआइजी भण्डारी बताउँछन्, जुन सकारात्मक नभएको उनको भनाइ छ । 'उहाँ (कार्की)ले सामाजिक सञ्जालबाट प्रहरीलक्षित जे-जे लेख्नुभयो । त्यसले उहाँले कति निष्पक्ष ढंगले जाँचबुझ गर्नुहोला ? शंका गर्ने ठाउँ त छ नि, छैन र ?,' उनले भने ।

आयोगले खापुङमात्रै नभएर फिल्डमा खटिएका प्रहरी अधिकारीहरूलाई धमाधम बयानका लागि बोलाइरहेको छ । बयान दिनेहरूको विवरण र बयानसमेत आयोगले सार्वजनिक गर्दै आएको छ । आयोगले गोप्यता कायम गर्नुपर्नेमा त्यसो नगरी सार्वजनिक गरेर 'पपुलिस्ट' बन्न खोजेको टिप्पणी भइरहेको छ ।

▸▸ क्रमशः पृष्ठ २ मा

**आयोगले ल्यायो दुवै सदनको निर्वाचन कार्यतालिका**

# राष्ट्रिय सभामा ठूलो दल बन्ने कांग्रेसको दाउ

> ▸ आउँदो फागुन २० मा एमालेका आठ जना र माओवादी केन्द्रका सात, एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र जनता समाजवादी पार्टी नेपालका एक/एक जना र मनोनीत सांसद वामदेव गौतम बिदा हुँदै
> ▸ राष्ट्रिय सभामा अहिले माओवादी केन्द्र १७ सदस्यसहित पहिलो दल रहेकोमा, एकीकृत समाजवादी र वामदेव गौतम पनि जोडिँदा २६ सदस्यीय बनेको छ
> ▸ १६ सदस्य रहेको कांग्रेसको कोही पनि बिदा नहुने र यसपटक गठबन्धन गरेरै भए पनि पहिलो दल बन्ने दाउमा कांग्रेस



■ प्रभाव संवाददाता

काठमाडौं- राष्ट्रिय सभामा अहिले सबैभन्दा ठूलो दल नेकपा माओवादी केन्द्र हो । १७ सदस्यसहित पहिलो रहेको माओवादी केन्द्र एकता प्रक्रियामा गएपछि नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बनेको छ । नेकपामा एकीकृत समाजवादी र वामदेव गौतम पनि जोडिएका छन् ।

यसरी जोड्दा नेकपासँग ५९ सदस्यीय राष्ट्रिय सभामा २६ जना सदस्य छन् । यता नेपाली कांग्रेससँग १६ जनामात्र सदस्य छन् भने एमालेसँग १० । बाँकी रहेका सदस्यहरूमा जनता समाजवादी पार्टीका तीन, लोकतान्त्रिक समाजवादी पार्टीका एक र राष्ट्रिय जनमोर्चाका एक सांसद हुन् ।

मनानीत तीनमध्ये गौतम, एमालेका डा. अञ्जान गौतम र राष्ट्रिय सभा अध्यक्षसमेत रहेका नारायण दाहाल छन् । यसैबीच फागुन २० गते १९ जना सदस्यहरूको पदावधि सकिँदै छ । रिक्त सदस्यहरूको पदपूर्तिका लागि माघ १ गते निर्वाचन हुँदै छ ।

### को-को हुँदै छन् बिदा ?

आगामी फागुन २० मा बिदा हुने राष्ट्रिय सभा सदस्यहरूमा एमालेका आठ जना र माओवादी केन्द्रका सात जना छन् । नेकपा एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र जनता समाजवादी पार्टी नेपालका एक/एक जना बिदा हुँदै छन् । मनोनीत सांसद वामदेव गौतम पनि बिदा हुँदै छन् ।

कोशी प्रदेशबाट तीन जना, मधेस प्रदेशबाट चार जना, बागमती र गण्डकी प्रदेशबाट दुई/दुई जना, लुम्बिनी प्रदेशबाट तीन जना, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट दुई/दुई जना राष्ट्रिय सभा सदस्य चयनका लागि निर्वाचन हुने छ ।

कोशीबाट निर्वाचित नेकपा एमालेकी इन्दिरादेवी गौतम, एमालेकै लुम्बिनीबाट निर्वाचित गोपाल भट्टराई, मधेस प्रदेशबाट तुलसाकुमारी दाहाल, कोशी प्रदेशबाट देवेन्द्र दाहाल, गण्डकी प्रदेशबाट भागवती न्यौपाने, लुम्बिनीबाट जितेकी विमला घिमिरे र सुदूरपश्चिमबाट शारदादेवी भट्ट र कर्णालीबाट जितेकी सुमित्रा बिसीको कार्यकाल सकिँदै छ । घिमिरे अहिले राष्ट्रिय सभाकी उपाध्यक्ष हुन् ।

▸▸ क्रमशः पृष्ठ २ मा

## एकीकृत सुरक्षा योजना स्वीकृत, सेना परिचालन गरिने

**काठमाडौं (प्रस)–** आगामी २१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनको सुरक्षा योजना स्वीकृत भएको छ । स्वीकृत सुरक्षा योजनाअनुसार सरकारले निर्वाचनमा नेपाली सेना परिचालन गर्ने भएको छ ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्लेले गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षतामा आइतबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले यस्तो निर्णय गरेको बताए । यसलाई 'एकीकृत निर्वाचन सुरक्षा योजना २०८२' नाम दिइएको छ ।

प्रवक्ता काफ्लेले बैठकको निर्णयलाई आधार मानेर सेना परिचालनका लागि रक्षा मन्त्रालयलाई पत्र लेख्ने निर्णय भएको बताएका छन् । 'गत असोज ९ गते बसेको केन्द्रीय सुरक्षा समितिको बैठकले गृह मन्त्रालयका सहसचिवको नेतृत्वमा एकीकृत निर्वाचन सुरक्षा योजना, २०८२ तर्जुमा गर्नको लागि एउटा कार्यदल गठन गरिएको थियो,' उनले सञ्चारकर्मीहरूसँग भने, 'उक्त कार्यदलले प्रतिवेदन बुझाएपछि सोही प्रतिवेदनमा आधारित रहेर एकीकृत सुरक्षा योजनामाथि व्यापक छलफल गरेर यसलाई स्वीकृत गर्ने निर्णय भएको छ ।'

▸▸ क्रमशः पृष्ठ २ मा

**सन्दर्भ: वैदेशिक रोजगार**

## चाडपर्वको सिजनमा ह्वात्तै बढ्यो रेमिट्यान्स

# असोजमा दुई खर्बभन्दा बढी भित्रिंदा बन्यो कीर्तिमान

### चालु आवको पहिलो तीन महिनामा भित्रियो पाँच खर्ब ५३ अर्ब ३१ करोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** गत असोज महिनामा मुलुकमा हालसम्मकै धेरै विप्रेषण (रेमिटचान्स) भित्रिएर कीर्तिमान कायम भएको छ । उक्त महिनामा दुई खर्ब एक अर्ब २२ करोड रूपैयाँ रेमिटचान्स भित्रिएको नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको प्रतिवेदनमा उल्लेख छ ।

असोजमा प्राप्त भएको यो रकम अहिलेसम्म एकैमहिना भित्रिएको सबैभन्दा उच्च हो । अघिल्लो आर्थिक वर्ष २०८१/८२ को असोजमा एक खर्ब ४४ अर्ब १८ करोड रूपैयाँ भित्रिएको थियो । अघिल्लो आवको तुलनामा तालु आवको असोजमा ५७ अर्ब चार करोड रूपैयाँ बढी रेमिटचान्स भित्रिएको हो ।

असोजमा अन्य महिनाको तुलनामा रेमिटचान्स बढ्नुमा चाडपर्वको पनि भूमिका रहेको छ । असोजमा हिन्दूहरूको महान



पर्व दसैं मनाइएको थियो । उक्त पर्वमा परिवारका लागि विदेशमा रहेकाहरूले बढी खर्च पठाउने गर्दछन् । सोही कारण असोजमा रेमिटचान्सको आकार बढेको जानकारहरू बताउँछन् ।

राष्ट्र बैंकको प्रतिवेदनअनुसार चालु आर्थिक वर्ष २०८२/८३ को तीन महिनामा विप्रेषण आप्रवाह ३५.४ प्रतिशतले बढेको छ । गत साउन, भदौ र असोज महिनामा कूल पाँच खर्ब ५३ अर्ब ३१ करोड रूपैयाँ विप्रेषण प्राप्त भएको राष्ट्र बैंकले जनाएको छ ।

समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह २९.२ प्रतिशतले बढेर तीन अर्ब ९४ करोड पुगेको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो आवको सोही अवधिमा यस्तो आप्रवाह तीन अर्ब चार करोड डलर थियो ।

साउन, भदौ र असोज महिनामा वैदेशिक रोजगारीका लागि संस्थागत र व्यक्तिगत माध्यमबाट एक लाख २३ हजार ४५९ जनाले अन्तिम श्रम स्वीकृति लिएको तथ्यांक छ । त्यस्तै ७७ हजार २५७ जना पुनः श्रम स्वीकृति लिएर रोजगारीमा गएका थिए । अघिल्लो आवको यसै अवधिमा संस्थागत र व्यक्तिगत माध्यमबाट एक लाख १० हजार ६५४ जना र श्रम स्वीकृति नवीकरण गरेर ५९ हजार ९३९ जना रोजगारीमा गएका थिए । समग्रमा अघिल्लो आवको यसै अवधिको तुलनामा यस आवमा रोजगारीमा जानेहरूको संख्या ३० हजार १२३ जनाले बढेको छ । प्रत्येक वर्ष रोजगारीमा जानेहरूको संख्या बढेसँगै विप्रेषण आप्रवाह पनि बढ्ने गरेको पाइन्छ ।

अघिल्लो आव २०८१/८२ को तीनमहिनामा चार खर्ब सात अर्ब ३१ करोड रूपैयाँ रेमिटचान्स प्राप्त भएको थियो ।

▸▸ क्रमशः पृष्ठ ५ मा

# त्रिवि क्रिकेट मैदानको प्यारापिट र फ्लड लाइट क्यानलाई हस्तान्तरण



**त्रिभुवन विश्वविद्यालय परिसरमा रहेको क्रिकेट मैदानमा जोडेको फ्लडलाइटको उद्घाटनपछि आइतबार साँझ देखिएको त्रिवि क्रिकेट मैदानको दृश्य ।**
*तस्बिर : प्रदीपराज वन्त/रासस*

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदानमा निर्माण गरिएको प्यारापिट र 'फ्लड लाइट' नेपाल क्रिकेट संघ (क्यान)लाई हस्तान्तरण गरिएको छ ।

सहरी विकास मन्त्रालयअन्तर्गतको संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालयले राष्ट्रिय खेलकुद परिषद् (राखेप) मार्फत ती संरचना क्यानलाई हस्तान्तरण गरेको हो । सहरी विकास तथा ऊर्जामन्त्री कुलमान घिसिङले आइतबार साँझ 'फ्लड लाइट'को 'स्विच' थिचेर क्यानलाई हस्तान्तरण गरेका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै मन्त्री घिसिङले त्रिवि क्रिकेट रंगशाला नेपालमा चाँडोभन्दा चाँडो सम्पन्न भएको योजना हुन पुगेको बताए । उनले सरकारबाट दोस्रो चरणको स्तरोन्नतिका लागि १० अर्ब रूपैयाँको गुरुयोजना र ठेक्का प्रक्रियाका लागि स्वीकृति दिइसकेको जानकारी दिए ।

▸▸ क्रमशः पृष्ठ ५ मा

## एनपिएलमा सुरक्षा प्रबन्ध चुस्त राख्न निर्देशन

**काठमाडौं (प्रस)–** गृहमन्त्री ओमप्रकाश अर्यालले आजदेखि सुरु हुन गइरहेको दोस्रो संस्करणको नेपाल प्रिमियर क्रिकेट लिगको (एनपिएल) सुरक्षा प्रबन्ध चुस्त, दुरुस्त राख्न निर्देशन दिएका छन् । आइतबार एनपिएलको सुरक्षा प्रबन्ध र अन्तिम तयारीबारे जानकारी लिँदै उनले उक्त निर्देशन दिएका हुन् ।

▸▸ क्रमशः पृष्ठ ५ मा

पृष्ठ १ बाट क्रमशः

## राष्ट्रिय सभा...

माओवादी केन्द्रबाट कोशीबाट जितेका गोपीबहादुर सार्की अछामी, बागमतीबाट गंगाकुमारी बेलवासे, लुम्बिनीबाट जगप्रसाद शर्मा, सुदूरपश्चिमबाट तारामान स्वार, गण्डकीबाट जितेका नारायणकाजी श्रेष्ठ, कर्णालीबाट जितेका मायाप्रसाद शर्मा, मधेस प्रदेशबाट जितेका राधेश्याम पासवानको कार्यकाल सकिँदै छ।

त्यस्तै एकीकृत समाजवादीबाट बागमतीबाट जितेका डा. बेदुराम भुसालको पनि कार्यकाल सकिँदै छ। लोकतान्त्रिक समाजवादी पार्टीबाट मधेस प्रदेशबाट शेखरकुमार सिंहको पनि पदावधि सकिँदै छ। जनता समाजवादी पार्टी (जसपा)को तर्फबाट मधेस प्रदेशमा अन्य समूहबाट जितेका मृगेन्द्रसिंह यादवको पनि कार्यकाल सकिँदै छ। कांग्रेसबाट भने कोही पनि बिदा हुने छैनन्।

एकतापछि २६ सदस्य रहेको नेकपाबाट बामदेवसहित आठ जना बिदा हुँदा १८ जना सदस्य हुने छन्। यता कांग्रेसको भने १६ जना नै रहने छन्। यस्तो अवस्थामा कांग्रेसले यसपटक जसरी पनि ठूलो दल बन्ने कोसिस गर्ने तयारी रहेको कांग्रेस राष्ट्रिय सभा सदस्य कृष्ण पौडेलले बताए। 'यसपटक कांग्रेसले ठूलो दल बन्ने तयारीका साथ अघि बढेको छ,' पौडेलले भने।

कोशीबाहेक अरु प्रदेशमा मतभार धेरै भए पनि कांग्रेसले अरु दलसँग तालमेल गर्नुपर्ने देखिन्छ। यसबारे भने कांग्रेसले अहिलेसम्म कुनै निर्णय नगरेको पौडेलले बताए। १० सदस्य रहेको एमालेको भने आठ जना सदस्य बिदा हुँदै छन्। जसकारण यसपटक एमालेलाई गठबन्धनको आवश्यकता देखिन्छ। १८ मध्ये १० सिट कांग्रेसलाई दिएमा दुई दलबीच गठबन्धन हुने बताइएको छ। तर यसबारे कुनै निर्णय भइनसकेको एमालेका नेता महेश बर्तौला बताउँछन्।

### कुन प्रदेशमा कुन दलको मतभार कति ?

राष्ट्रिय सभा निर्वाचनका लागि प्रदेश सभा सदस्य र स्थानीय तह गाउँ तथा नगरपालिकाका प्रमुख तथा उपप्रमुख मतदाताका रूपमा रहन्छन्। एक जना प्रदेशसभा सदस्य बराबर ४८ मत कायम गरिएको छ भने स्थानीय तहका प्रतिनिधिको मतभार १८ कायम गरिएको छ।

कूल १० हजार १३५ मतभारमा कोशीमा एमालेको चार हजार २१० मतभार रहेको छ भने कांग्रेसको तीन हजार ७२२ मतभार रहेको छ। यसैगरी माओवादीको एक हजार २७८ र एकीकृत समाजवादीका ३४५ मात्र मतभार रहेको छ। कूल १० हजार ८३९ मतभार रहेको मधेसमा कांग्रेसका तीन हजार १०४, एमालेको दुई हजार ३०२ मतभार रहेको छ भने जसपाको एक हजार ८१७ मतभार रहेको छ। मधेसमा माओवादीको ७६६ मात्र मतभार रहेको छ। यहाँ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)को ७६६, जनमतको ७४६, एकीकृत समाजवादीको ५८० मतभार रहेको छ।

कूल १० हजार ३५२ मतभार रहेको बागमतीमा कांग्रेसको चार हजार १३, एमालेको दुई हजार ५७१ र माओवादीको दुई हजार १९६ मतभार रहेको छ। यहाँ एकीकृत समाजवादीको ५४२, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)को ७०८ मतभार रहेको छ।

कूल छ हजार ४१० मतभार रहेको गण्डकीमा कांग्रेसको दुई हजार ७०४, एमालेको दुई हजार ४५८, माओवादीको ९४१ मतभार रहेको छ। लुम्बिनीमा कांग्रेसका तीन हजार १७९, एमालेको दुई हजार ८१० र माओवादीको एक हजार २३७ मतभार रहेको छ। यस प्रदेशमा कूल मतभार आठ हजार ७५३ रहेको छ।

पाँच हजार १२२ मतभार रहेको कर्णालीमा कांग्रेसका एक हजार ८६३, माओवादीको एक हजार ६५४ र एमालेको एक हजार १४२ मतभार रहेको छ। छ हजार १५३ मतभार रहेको सुदूरपश्चिममा कांग्रेसको दुई हजार ६४१, एमालेको एक हजार ४८०, माओवादीको एक हजार ०५८, नागरिक उन्मुक्तिको ५०४ र एकीकृत समाजवादीको ३०७ मतभार रहेको छ।

### निर्वाचनको कार्यतालिका सार्वजनिक

निर्वाचन आयोगले राष्ट्रिय सभा निर्वाचनका लागि आइतबार कार्यतालिका सार्वजनिक गरेको छ। निर्वाचनका लागि पुस २३ गते उम्मेदवारी दर्ता गर्न सकिने आयोगले जनाएको छ। माघ १ गते राष्ट्रिय सभा सदस्यको निर्वाचन हने छ।

स्वीकृत निर्वाचन कार्यक्रमअनुसार पुस १९ गते बिहान १०:०० बजेदेखि ११:०० बजेसम्म मतदाता नामावली प्रकाशन हुने छ भने मतदाता नामावली उपरको दाबीविरोध तथा निवेदन/उजुरी माथि छानबिन गरी पुस २२ गते ३:०० बजेदेखि ४:०० बजेसम्म अन्तिम मतदाता नामावली प्रकाशन हुने छ। त्यस्तै पुस २३ गते बिहान १० :०० बजेदेखि दिउँसो ३:०० बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, पुस २४ गते बिहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, पुस २७ गते बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने र दिउँसो १:०० बजेदेखि २:०० बजेसम्म उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुने छ।

पुस २८ गते बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयबाट प्रदान गरिने आयोगले जानकारी दिएको छ। माघ ११ गते बिहान ९:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने छ।

### प्रतिनिधिसभाको निर्वाचन कार्यतालिका सार्वजनिक

फागुन २१ गते तय गरिएको प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को निर्वाचन कार्यतालिका पनि आयोगले सार्वजनिक गरेको छ। पहिलो निर्वाचित हुने प्रणालीतर्फको निर्वाचन कार्यक्रमअनुसार माघ ६ गते बिहान १०:०० बजेदेखि बेलुका ५:०० बजेसम्म निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोनयनपत्र दर्ता हुने छ भने सोही दिन बेलुका ५:०० बजेदेखि ७:०० बजेसम्ममा उम्मेदवारको सूची प्रकाशन हुने छ।

मनोनयनपत्र दर्ता भएका उम्मेदवारको विरोधमा उजुरी दिने अवधि माघ ७ गते बिहान १०:०० बजेदेखि दिउँसो ३:०० बजेसम्म हुने छ भने सोही दिनको दिउँसो ३:०० बजेदेखि माघ ८ गते बेलुका ५:०० बजेसम्ममा मनोनयनपत्र र उजुरीउपर जाँचबुझ एवं निर्णय गरी माघ ८ गते बेलुका ५:०० बजेदेखि ७:०० बजेसम्ममा उम्मेदवारको नामावली प्रकाशन गरिने छ। माघ ९ गते बिहान १०:०० बजेदेखि दिउँसो १:०० बजेसम्म सोही दिन उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरी दिउँसो ४:०० बजेदेखि साँझ ७:०० बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ।

समानुपातिक निर्वाचन प्रणालीतर्फको निर्वाचन कार्यक्रम मंसिर २० गतेदेखि सञ्चालन हुने छ। स्वीकृत निर्वाचन कार्यक्रमअनुसार फागुन २१ गते बिहान ७:०० बजेदेखि बेलुका ५:०० बजेसम्म सम्बन्धित मतदान केन्द्रमा मतदान हुने छ।

■■■

## एकीकृत सुरक्षा...

निर्वाचन सुरक्षा योजनामा सुरक्षा निकायहरू (नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी) कसरी परिचालन हुने र सुरक्षा संवेदनशीलताका हिसाबले जिल्लाहरूबाट वर्गीकरण भएर आएका मतदान केन्द्रहरूमा सुरक्षाकर्मीहरूको परिचालनको विषय उल्लेख छन्। यसबाहेक निर्वाचनको समयमा सुरक्षा व्यवस्थापनबारे सुरक्षाका योजनाहरूलाई तीन तहमा विभाजन गरिएको प्रवक्ता काफ्लेले बताए।

योजनामा समावेश गरिएको विषयहरूमा निर्वाचनपूर्व के गर्ने ? निर्वाचनको समयमा के गर्ने र त्यसपछि के गर्ने भन्ने छन्। निर्वाचनको बेला सीमा क्षेत्रबाट हुन सक्ने सम्भावित सुरक्षा चुनौती, त्यसको व्यवस्थापनको सवाल पनि योजनामा समेटिएको छ। सीमा क्षेत्र कहिलेदेखि बन्द गर्नेदेखि मतदानस्थलको सुरक्षा कसरी अपनाउने ? त्यो पनि सुरक्षा योजनामा उल्लिखित छन्।

केन्द्रीय सुरक्षा समिति बैठकमा नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्की, सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टेकेन्द्र कार्की र सेनाका एक प्रतिनिधि सहभागी थिए।

यसअघि सुरक्षा समिति बैठक गत ९ असोजमा बसेको थियो। सोही बैठकले प्रतिनिधिसभा निर्वाचनलक्षित एकीकृत निर्वाचन सुरक्षा योजना तर्जुमा गर्ने निर्णय गरेको थियो। निर्णयअनुसार गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा कार्यदल गठन गरिएको थियो, जहाँ सुरक्षा निकायका प्रतिनिधिहरू पनि सम्मिलित थिए।

सोही समितिले तर्जुमा गरेको एकीकृत निर्वाचन सुरक्षा योजना २०८२ आइतबार स्वीकृत भएको हो। मुख्यमध्येका एउटा राजनीतिक दल नेकपा एमाले प्रतिनिधिसभा निर्वाचनको विरुद्धमा उभिएको बेला सरकारले भने सुरक्षा योजना स्वीकृत गरेको हो।

■■■

## जाँचबुझ...

यसबाट पनि आयोग प्रहरी संगठन र तिनका नेतृत्वविरुद्ध कठोर बन्न सक्ने आकलन एकथरीले गर्दै आएका छन्। प्रहरीहरू सशंकित देखिएका छन्। 'अध्यक्ष र सदस्यले सामाजिक सञ्जाल र मिडियामा पहिले नै निष्कर्ष निकालिसकेका छन्। फेरि आयोगको व्यवहार त्यस्तै छ, जसले आयोगले कस्तो प्रतिवेदन बुझाउँछ ? कसलाई कारबाही सिफारिस गर्छ ? त्यो अनुमानयोग्य देखिन्छ,' प्रहरी प्रधान कार्यालयका एक उच्च प्रहरी अधिकृतले भने।

जेन-जी विद्रोहपछि प्रहरीको मनोबल गिरेको छ। प्रहरीका हातहतियार खोसिएका छन्। ब्यारेकहरू खरानी बनाइएका छन्। कतै तोडफोड भएका छन्। विद्रोहको क्रममा तीन जना प्रहरीले ज्यान गुमाए। थुप्रै घाइते भए।

त्यसमाथि प्रधानमन्त्री सुशीला कार्कीले प्रधानमन्त्री भएको दोस्रो दिन २८ भदौमै प्रहरीविरोधी हिंसाप्रेरित अभिव्यक्ति दिएकी थिइन्। सरकार प्रमुख नै प्रहरीको मनोबल गिराउन लाग्दा त्यसमाथि आयोगले त झनै कमजोर बनाउन खोजेको भन्दै चिन्ता प्रकट भइरहेको छ। जबकि, २१ फागुनमा अग्रमोर्चामा रहेर चुनावी सुरक्षा गर्नुपर्ने जिम्मेवारी प्रहरीकै हो। तर, राजनीतिक नेतृत्वहरूलाई भन्दा प्रहरी संगठनविरुद्ध आयोग कठोर हुने देखिएको छ। कार्की आयोगलाई जेन-जी विद्रोहको पहिलो दिन २३ भदौमा भएको सरकारी दमन र भोलिपल्ट भएको विध्वंशको जाँचबुझ गर्ने कार्यादेश छ।


**तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८२/०८/०१

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ लाइभस्टक बैंक लि.** को मिति २०८२ कार्तिक ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार तेश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२ मंसिर २६ गते, (तदनुसार डिसेम्बर १२, २०२५)
**समय :** दिनको २:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाडौं।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. संचालक समितिको गठन गर्ने।
५. अध्यक्ष र संचालकहरुको बैठक भत्ता निर्धारण गर्ने।

**(ख) विशेष प्रस्तावहरुः**
६. कम्पनीको जारी पूँजी र चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव पारित गर्ने।
७. कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रस्तावित बुँदाहरुमा संसोधन गर्ने।
८. कम्पनीले उद्देश्य मिल्ने कम्पनीहरुलाई प्राप्ति (Acquire) गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने।
९. प्रबन्धपत्र र नियमावलीको बुँदाहरुमा हुने संसोधनमा नियामक निकायबाट आवश्यक हेरफेर/संसोधनको लागि सुझाव प्राप्त भएमा सोहि बमोजिम संसोधन गर्न संचालक समितिलाई अख्तियारी दिने।

**(ग) विविध।**

**आज्ञाले,**
उमेश कुमार आचार्य
अध्यक्ष

**मुक्तिनाथ लाइभस्टक बैंक लि.**
**MUKTINATH LIVESTOCK BANK LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेल:** info@muktinathkrishi.com
**वेबसाइटः** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"



**मनमैजु समाजकल्याण बहुउद्देश्यीय सहकारी संस्था लि. को**

*तारकेश्वर न.पा.-१०, लोकतान्त्रिकचोक, मनमैजु, काठमाडौं, फोन: ०१-४०२७१०६*


Email: manamaijuremit@gmail.com

**अचल सम्पत्ती (धितो) लिलाम गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सुचना**



*सुचना प्रकाशित मिति: २०८२/०८/०१*

*यस सहकारी संस्थाको तपसिलमा उल्लेखित ऋणीले विभिन्न प्रयोजनको लागि लगेको कर्जाको यस सहकारीसँग गरेको सम्झौता बमोजिम समय समयमा संस्थालाई तिर्ने बुझाउनु पर्ने साँवा व्याज लगायत अन्य दस्तुर आदि नतिरी नबुझाई सहकारीसँग गरेको कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सहकारीको सम्पूर्ण लेना रकम चुक्ता गर्न मौखिक तथा लिखित रुपमा तर ताकेता गरेको र सो गर्दा समेत सहकारीको कर्जा चुक्ता गर्न तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बसेको हुँदा आर्थिक दैनिकमा मिति २०८२/०१/१५ मा सुचना प्रकाशित गरि सम्पूर्ण साँवा ब्याज लगायत अन्य दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजको मिति सम्म कर्जा चुक्ता गर्न कुनै चासो नदिएकोले धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित धितो (घर/जग्गा) जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने बारे ३५ दिने सुचना प्रकाशित गरिएको छ। उक्त म्याद भित्र पनि आफुले संस्थालाई बुझाउनु पर्ने साँवा तथा व्याज चुक्ता नगरेमा कर्जा सुरक्षण बापत लेखिको कुनै किसिमको कानुनी भै झमेला नभएको यस संस्थामा धितो सुरक्षण बापत अचल सम्पत्ती (घर/जग्गा) सहकारी ऐन नियमावली तथा सहकारीको ऋण लगानी तथा असुली सम्बन्धी नियमावलीले दिएको अधिकार प्रयोग गरी नियम बमोजिम सहकारी आफैंले लिलाम बिक्री गर्ने भएकोले लिलाममा डाँक बढाबढ गरी लिन इच्छुक व्यक्ति, संस्था, कम्पनीले यो सुचना प्रकाशित भएको मितिले ३६ औं दिन (उक्त दिन विदा परे सो को भोलिपल्ट) तोकिएको समय अनुसार यस सहकारी कार्यालयमा उपस्थित भै आफुले सकार गरी लिन चाहेको मुल्यमा बोल कबोल गर्न हुन सुचित गरिन्छ।*

**ऋणीको तीनपुस्ते नाम ठेगाना तथा सुरक्षणको विवरण**

| ऋणीको नाम, थर र वतन | धितो विवरण: |
|---|---|
| *नाम: राजन अधिकारी<br>ना.प्र.नं.: २५८७३, धादिङ<br>जारी मिति: २०५५/०३/२४<br>बाबुको नाम: राम बहादुर अधिकारी क्षेत्री<br>बाजेको नाम: डम्बर बहादुर अधिकारी<br>जन्मस्थान: धादिङ्ग जिल्ला बुढाथुम गा.वि.स. वडा नं. ९*  | *ऋणीको नाउँमा मालपोत कार्यालय काठमाडौं, मनमैजुमा दर्ता श्रेस्ता कायम रहेको साविक का.जि. फुटुङ्ग वडा नं. ९ हाल काठमाण्डौ जिल्ला ता.न.पा. वडा नं. ७ कित्ता नं. १७१८, १७३५, १७२७ को क्षेत्रफल: ०-०-०-२, ०-०-३-२, ०-१-३-० जग्गा र लिग लिगापात समेत।* |

**जमानी कर्ताको नाम, ठेगाना विवरण**

| | | |
|---|---|---|
| *नाम: सुमित्रा अधिकारी<br>ना.प्र.नं.: १५/६, धादिङ<br>बाबुको नाम: राम बहादुर अधिकारी<br>जारी मिति: २०६१/०४/१८<br>बाजेको नाम: डम्बर बहादुर अधिकारी<br>ठेगाना: धादिङ्ग जिल्ला बुढाथुम गा.वि.स. वडा नं. ९*  | *नाम: तेज बहादुर रिजाल<br>ना.प्र.नं.: २३२६४, धादिङ<br>जारी मिति:२०५४/१०/२६<br>बाबु : बुद्धि बहादुर रिजाल<br>ठेगाना: आगिनचोक गा.वि.स. वडा नं. ८, धादिङ*  | *नाम: रस्मिता सापकोटा<br>बाबु : ऋषिराम सापकोटा<br>ठेगाना: गोरखा जिल्ला, फुजेल गा.वि.स. वडा नं. ५<br>ना.प्र.नं.: १७५५५१, गोरखा<br>जारी मिति: २०६०/०७/२५*  |

**लिलामका शर्तहरू**

*(१) लिलाममा अन्तिम पटक सबै भन्दा बढी शिलबन्दी कबोल गर्ने व्यक्तिले आफुले बोलेको १०% ले हुने रकम नगदै धरौटी वापत तुरुन्त यस सस्थामा बुझाउनु पर्ने छ।*
*(२) लिलाम सकार गर्ने व्यक्तिले सहकारीबाट लिलाम निश्चितताको सुचना पाएको ७ दिन भित्र बाँकी रकम नबुझए धरौटी बापत रहेको १०% रकम स्वःत जफत गरिने छ।*
*(३) लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मुल्यको १०% रकम सोही दिन नबुझएमा निज पछि सबै भन्दा बढी रकम बोल्ने व्यक्तिको नाममा लिलाम सदर गरिनेछ।*
*(४) तोकिएको लिलामको दिन सरकारी बिदा परेमा त्यसको लगतै सरकारी तथा सहकारी कार्यालयमा खुल्ने दिन लिलाम शिलबन्दी हुने छ।*
*(५) गोप्य शिलबन्दीको नतिजा त्यस दिनको भोलीपल्ट सहकारी कार्यालयको सुचना पाटीमा प्रकाशित गरिने छ।*
*(६) डांक बढाबढ गर्दा सबै भन्दा बढी अंक बोल्ने व्यक्तिलाई अचल सम्पति दिने वा नदिने सम्पूर्ण अधिकार सहकारीमा सुरक्षित रहनेछ।*
*(७) लिलाम बिक्री हुने धितो (घर/जग्गा) को सम्बन्धि कागजातहरु हेर्न महानुभावहरुले यस सहकारीमा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ।*
*(८) काठमाण्डौं तारकेश्वर १० स्थित यस सहकारीको कार्यालयमा बिहान १० बजे देखि ४ बजे सम्म लिलामीको डाँक बढाबढ हुने छ।*
*(९) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण खर्च ऋणी स्वयंले नै बेहोर्न पर्ने छ।*
*(१०) सहकारी ऐन, सहकारी नियमावली तथा यस संस्थाको ऋण लगानी तथा असुली सम्बन्धि विनियमावली अनुसार लिलाम बिक्री गर्नु पर्ने जायजेथा लिलाम बिक्री गर्ने कसैले नसकारेमा सहकारीले उक्त सम्पतिको स्वामित्व आफुमा लिन सक्ने छ।*
*(११) संस्थामा सुरक्षण रुपमा रहेको धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएमा ऋणी तथा जमानीको नाममा रहेको अन्य चलअचल सम्पत्तिबाट समेत असुल उपर गरिनेछ।*



# Triyuga Municipality
# Office of The Municipal Executive

**Gaighat, Udayapur**
**Koshi Province, Nepal**

## Invitation For Bid

**Date of Publication: - 2082-08-01 (2025-11-17)**

1. Triyuga Municipality Office, Gaighat, Udayapur invites online bids from duly registered eligible national bidders for the following works under National Competitive Bidding- Single Stage Two Envelope Bidding procedures.

| S.N. | Contract ID | Description & Location of Works | Minimum work experience of similar size & nature | Average Annual Construction Turnover (NRs. in Millions) | Non-refundable fee for Bid Document (NRs.) | Bid Security Amount (NRs) | Bid Validity Period/Bid Security Validity Period |
|---|---|---|---|---|---|---|---|
| 1 | TM-UDA-NCB-WORKS-16/2082-083 | Construction of Shree Janata Ma.Vi. Building, Tri. Na.Pa.-05, Udayapur | As Stated in Section III Evaluation and Qualification Criteria of Bid Document | 32.266 | 5,000.00 | 645,000.00 | 90 days/ 120 days |

2. Information to deposit the cost of bidding document and bid bond in bank:

| | | | |
|---|---|---|---|
| *Office Name* | *Triyuga Municipality Office* | *Lase date of Submission* | ***2082-09-03 (18th Dec. 2025) Time: -12:00 Hrs.*** |
| *Name of Bank* | *Rastriya Banijya Bank, Gaighat* | *Date of Bid Opening* | ***2082-09-03 (18th Dec. 2025) Time: -13:00 Hrs.*** |
| *Aantarik Rajaswa Khata No.* | *GA-1-1 2090100301010004 (For Bid Document Fee)* | *Pre-bid Meeting* | ***2082-08-22 (8th Dec. 2025) Time: -11:00 Hrs.*** |
| *Rajaswa Shirshak No.* | *14229* | *Office Code No.* | *133006510* |
| *Dharauti Khata No.* | *GA-3 2090100303000004 (For Bid Security)* | | |

3. Bidder can only bid electronically through e-procurement section of PPMO's website http://www.bolpatra.gov.np/egp
4. Triyuga Municipality Office, Gaighat, Udayapur reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



**मलेसियामा रोजगार** कम्पनी : GREEN BARRET FORCE SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/२१ LT. No. 333516 चलानी नं. ६०२४७४३८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 10 | 0 | 1700 | ५८,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : I-HAWK SECURITY CONSULTANT SDN. BHD

पूर्व स्वीकृति मिति : २०८१/०७/०३ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/३० LT. No. 332606 चलानी नं. ६०२४६३९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 50 | 0 | 1700 | ५८,४१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

प्रि-अन्तरवाता धमाधम भइरहेको छ। अन्तिम अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर ८ गते (24th Nov. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**GURUNG MAGAR SERVICES PVT. LTD.**
Basundhara-5, KTM. Nepal, Tel: +977-15903411, +977-15903412 , 9851002414 , 9849886526, 9841896927, 9851003258, 9849832175, Email: gmservicesnepal@gmail.com, Website : www.gurungmagarservices.com
Govt. Lic. No. 851/066/067



**युएइमा रोजगार** कम्पनी : Paragon Employment Services L.L.C

पूर्व स्वीकृति मिति : २०८१/०९/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/३० LT. No. 316841 चलानी नं. ६०२३१२०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction labors | 100 | 0 | 800 | ३०,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ मंसिर ८ र ९ गते (24th and 25th Nov. 2025) मा हुनेछ।

कम्पनी : Jawaid Mirza Technical Services Co. L.L.C

पूर्व स्वीकृति मिति : २०८२/०५/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/०७/३० LT. No. 331046 चलानी नं. ६०२४४७९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 4 | 0 | 1500 | ५७,९०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Electrician | 5 | 0 | 1500 | ५७,९०९ | | | | | | | |
| 3 | Painter | 4 | 0 | 1500 | ५७,९०९ | | | | | | | |
| 4 | Stone Mason | 5 | 0 | 1500 | ५७,९०९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः Regal Career InstitutePvt Ltd, Prithibhi Chowk 9 मा मितिः २०८२ मंसिर ८ गते (24th Nov. 2025) मा हुनेछ।
Sarbashree Training and Orientaion Pvt Ltd, Janakpur Metropolitia city मा मितिः २०८२ मंसिर ९ गते (25th Nov. 2025) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

Glocal Workforce Nepal
Govt.Lic. No 1722/081/082

**GLOCAL WORKFORCE NEPAL PVT. LTD.**
Golfutar-8, Budhanilkantha (Near Basketball court), Kathmandu, Nepal, +9779801095962(Whatsapp), +9779802374835,+9779801095962, Web: www.workforcenepal.com

# पूर्वसचिव कार्की पक्राउ

**काठमाडौं (प्रस)–** नेपाल ट्रस्टको जग्गा लिजमा दिँदा भएको अनियमितता प्रकरणमा नेपाल सरकारका पूर्वसचिव अर्जुन कार्की पक्राउ परेका छन् । ट्रस्टका तत्कालीन सचिवसमेत रहेका कार्कीलाई प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले आइतबार पक्राउ गरेको हो ।

ट्रस्टका नाममा दर्ता भएको जग्गा भाडामा दिने सम्झौता गर्दा गैरकानुनी लाभ हासिल गरी मुलुकलाई नोक्सानी पुऱ्याएको अभियोगमा उनलाई पक्राउ गरिएको सिआइबीले जानकारी दिएको छ। ब्युरोका प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिवकुमार श्रेष्ठले काठमाडौं महानगरपालिका-१ दरबारमार्गस्थित जग्गा नेपाल ट्रस्टको कार्यालय र थामशेर्कु ट्रेकिङबीच भाडामा दिने र लिने करार




सम्झौता गर्दा सूचनामा उल्लेख भएकाभन्दा बढी जग्गा दिएको पाइएकाले अनुसन्धानका लागि कार्कीलाई पक्राउ गरिएको बताए ।

ब्युरोका अनुसार कित्ताको जग्गाभन्दा बढी अर्को कित्तासमेत थप गरी भाडामा दिने र लिने सम्बन्धमा सञ्चालक समितिको निर्णय तथा आधारविना बदनियतपूर्वक सम्झौता गरिएको पाइएको छ । उक्त जग्गा २०७४ जेठ १४ गते करार सम्झौता गरी भाडामा दिइएको थियो ।

ब्युरोले उक्त घटनाको अनुसन्धानका क्रममा गत कात्तिक २१ गते ट्रस्टका तत्कालीन सहसचिव लेखबहादुर कार्कीलाई समेत पक्राउ गरेको थियो । ब्युरोले उक्त प्रकरणमा अनुसन्धानका लागि तत्कालीन समयका जिम्मेवार उच्च पदस्थहरूलाई समेत नियन्त्रणमा लिने तयारी गरेको छ ।

# सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन सहकार्य बढाइने

**काठमाडौं (प्रस)–** सशस्त्र प्रहरी बल नेपाल र भारतको सशस्त्र सीमा बल (एसएसबी) बीच संयुक्त सीमा गस्ती र सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन आवश्यक समन्वय र सहकार्य बढाउने समझदारी भएको छ ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल नेतृत्वको नेपाली प्रतिनिधिमण्डल र भारतको सशस्त्र सीमा बल (एसएसबी) का महानिर्देशक सञ्जय सिंघल नेतृत्वको भारतीय प्रतिनिधिमण्डलबीचको द्विपक्षीय नवौं समन्वयात्मक बैठकमा सीमा अपराध नियन्त्रण, लागुऔषध ओसारपसार नियन्त्रणलगायत बारेमा छलफल भएको थियो । यस्तै सीमा क्षेत्रमा हुने अवैध चोरी निकासी तथा पैठारी नियन्त्रण, अवैध आवतजावत नियन्त्रण, सूचना तथा तालिम आदानप्रदान गर्नेबारेमा विचारविमर्श भएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए ।

यही कात्तिक २६ देखि २८ गतेसम्म भारतको नयाँ दिल्लीमा सञ्चालित सो बैठकमा गत मंसिरमा काठमाडौंमा सम्पन्न आठौं समन्वयात्मक बैठकबाट पारित एजेण्डा कार्यान्वयनको विषयमा समीक्षा भएको थियो । बैठकबाट पारित साझा धारणालाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने र आगामी रणनीतिका विषयमासमेत छलफल भएको थियो ।

# पढ्दै-कमाउँदै कार्यक्रम हटेपछि समस्यामा विद्यालय

**भोजपुर (प्रस)–** सामुदायिक विद्यालयमा सञ्चालन हुँदै आएको 'पढ्दै-कमाउँदै' कार्यक्रम खारेज भएपछि प्राविधिक तथा सीपमूलक शिक्षा सञ्चालनमा समस्या देखिएको छ। कार्यक्रममार्फत विद्यार्थीलाई अभ्यासमूलक तथा व्यावहारिक सिकाइ प्रदान हुँदै आएकामा अहिले कार्यक्रम नै हटेपछि विद्यालयहरू प्रभावित भएका हुन् ।

भोजपुर नगरपालिका-१२ टक्सारस्थित यशोधरा माध्यमिक विद्यालयका प्रधानाध्यापक ध्रुवराज रेग्मीका अनुसार कार्यक्रम हटेपछि शिक्षण-सिकाइमा प्रत्यक्ष असर परेको छ । 'पढ्दै-कमाउँदै' कार्यक्रम नहुँदा ती विषयमा आवश्यक सामग्री जुटाउन, 'फिल्डवर्क' सञ्चालन गर्न र विद्यार्थीलाई व्यावहारिक अभ्यास गराउन कठिनाइ बढेको उनको भनाइ छ ।

'सामुदायिक विद्यालयमा चल्दै आएको 'पढ्दै-कमाउँदै' कार्यक्रम अत्यन्तै प्रभावकारी थियो,' उनले भने, 'विद्यार्थीहरूले अभ्यासमूलक ज्ञान लिँदै आएका थिए, उनीहरूले आफ्नै उत्पादनबाट केही आम्दानीसमेत गर्दै आएका थिए, कार्यक्रम हटाइएपछि व्यावहारिक सिकाइ नै कमजोर बनिरहेको छ, यस्तो उपयोगी कार्यक्रम हटाइनु दुःखद् कुरा हो ।' उनका अनुसार आर्थिक वर्ष २०८१/८२ देखि कार्यक्रम बन्द गरिएको हो ।

# स्वास्थ्यका कर्मचारीलाई तोकिएका आचरण पालना गर्न निर्देशन

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कर्मचारीलाई तोकिएका आचारण पालना गर्न निर्देश गरेको छ ।

मन्त्रालयका सूचना अधिकारी डा. भक्तबहादुर केसीले आइतबार सूचना जारी गर्दै कर्मचारीलाई आफ्नो आचारण र कर्तव्य पालना गर्न निर्देशन गरिएको जानकारी दिएका हुन् । उनले मन्त्रालयअन्तर्गतका विभाग, प्रतिष्ठान, अस्पताल, स्वास्थ्य संस्था र कार्यालयमा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीले कानुनले निर्धारण गरेको आचारसम्बन्धी व्यवस्था पूर्णकार्यान्वयन नगरेको गुनासो आएकाले स्वास्थ्य सेवा ऐन २०५३ को दफा ५२ देखि ६८ मा भएका आचारणसम्बन्धी व्यवस्थालाई कार्यान्वयन गर्न आग्रह गरिएको बताए ।

समय पालना र नियमितता, अनुशासन, राजनीतिक प्रभाव पार्न नहुने, राजनीतिमा भाग लिन नहुने, सरकारको आलोचना गर्न नहुनेलगायतका आचारण पालन गर्न भनिएको हो ।

यस्तै, सेवा ऐनमा कम्पनीको स्थापना र सञ्चालन, व्यापार-व्यवसाय तथा निजी रूपमा अभ्यास गर्न नहुने, राजनीतिक पदका लागि निर्वाचनमा भाग लिन नपाइने, हडताल र प्रदर्शनी गर्न नपाइनेलगायत आचारण पालना गर्नसमेत भनिएको छ । मन्त्रालयले कुनै पनि राष्ट्रसेवक कर्मचारीले कानुनले निर्धारण गरेको अनुशासन र पेसागत आचारण पालना गर्दै आफ्नो जिम्मेवारी निष्ठताका साथ सम्पादन गर्न पनि आग्रह गरेको छ ।


## मोटरसाईकल हरायो

मिति २०८२/०७/०२ गते राती ७:३० देखि ११ बजे भित्रको समयमा का.जि. टोखा-१०, सामाखुशी चोक नजिक सडक किनारामा पार्किङ्ग स्थलबाट प्रहरी कल्याण कोषको नाममा रहेको ऋणी विनोद तामाङको **लु.प्र. ०१-००९ प ३५०६** नं. को रातो कालो २०० सिसिको बजाज NS मोटरसाईकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा ९८६२१६९११३ मा सम्पर्क गरि दिनुहुन अनुरोध छ ।

**मोटरसाईकलको विवरण:**
**च्यासिस नं. :** MD2A36FX1SCD91807
**इन्जिन नं. :** JLXCSD91684



## कतारमा रोजगार

**कम्पनी : AJUBA CLEANING AND HOSPITALITY**

पूर्व स्वीकृति मिति : २०८२/०७/३० | LT. No. 333773 | चलानी नं. ६०२४७४२७

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | मासिक तलब: QR | मासिक तलब: ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Staff | 2 | 0 | 1000 | ३८,९४९ | कं.नि. अनुसार | ८ घण्टा | ६ दिन | कं.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1400 | ५४,५२८ | | | | | | | |
| 3 | Dry Clean Worker | 10 | 6 | 1000 | ३८,९४९ | | | | | | | |
| 4 | Foreman | 1 | 0 | 2500 | ९७,३७२ | | | | | | | |
| 5 | Gen. Cleaninig Labour | 0 | 4 | 1000 | ३८,९४९ | | | | | | | |
| 6 | Helper | 2 | 0 | 1000 | ३८,९४९ | | | | | | | |
| 7 | Labour | 3 | 0 | 1000 | ३८,९४९ | | | | | | | |
| 8 | Office Cleaner | 2 | 1 | 1000 | ३८,९४९ | | | | | | | |
| 9 | Receptionist | 0 | 2 | 2100 | ८१,७९२ | | | | | | | |
| 10 | Receptionist | 2 | 0 | 2100 | ८१,७९२ | | | | | | | |
| 11 | REPRESENTATIVE | 3 | 0 | 2500 | ९७,३७२ | | | | | | | |
| 12 | Sand Blaster | 2 | 0 | 1200 | ४६,७३९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ८ गते (24th Nov. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sunlight Recruitment Service Pvt.Ltd.**
Shantinagar, Kathmandu, Nepal Tel.01-4620777, E-mail: info@sunlightrecruitment.com.np, sunlightrecruitmentservice@gmail.com, Website : www.sunlightrecruitment.com.np



## Phalgunanda Rural Municipality
## Office Of Rural Municipal Executive
**Phaktep, Panchthar**
**Koshi Pradesha, Nepal**

## Invitation for Bids

Date of publication: 2082-08-01

1. The Phalgunanda Rural Municipality office invites only electronic bids from eligible bidder's for the procurement of following project under national competitive bidding procedures specified in public procurement Act and Regulation.

| Contract Identification No | Description of Works | Detailed of Bank Account | Bid security Amount (Nrs.) | Bid document fee.(Nrs.) | Bid bond security period |
|---|---|---|---|---|---|
| PRMG/ CGI/NCB/1/ 2082/83 | Supplying and Delivery of Colored CGI Sheet. | GA- 1.1 06901400250108 (For the fee of Bid Document) GA- 3.1 06901400250023 (Dharauti Account for Bid Security Amount) | 53000.00 | 3000.00 | 120 days |

2. Interested bidders should be submit online bids electronically only through PPMO e-GP Portal www.bolpatra.gov.np on or before the submission deadline started in respective bid document.

**Chief Administrative Officer**



**प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
## मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर
**कोशी प्रदेश**
**मंगलबारे, उर्लाबारी मोरङ, नेपाल**

## सेवा करारमा पदपुर्ती गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना

**प्रथम पटक प्रकाशित मिति:- २०८२/०८/०१**

यस अस्पतालको लागि तपसिल बमोजिमको पदमा करार सेवामा खुल्ला प्रतिस्पर्धाबाट कर्मचारी नियुक्त गर्नु पर्ने भएकोले सम्बन्धित पदमा तोकिएको न्यूनतम शैक्षिक योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८२/०८/१५ गते) भित्रमा (अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट समेत) कार्यालय समय भित्र रितपूर्वक दरखास्त फाराम पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेख हुन छुट भएका तथा अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्नहुन समेत जानकारी गराइन्छ ।

**तपशिल**

| क्र.स. | बिज्ञापन न. | पद | तह | माग पद संख्या | न्युनतम शैक्षिक योग्यता | परिक्षाको किसिम |
|---|---|---|---|---|---|---|
| १ | ०१/०८२/८३ | मेडिकल अधिकृत | आठौं | २ जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट एम.बि.बि.एस उत्तीर्ण गरी नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको । | लिखित र मौखिक अन्तरवार्ता |
| २ | ०२/०८२/८३ | फार्मेसी सहायक | पाचौं | २ जना | मान्यता प्राप्त संस्थाबाट सम्बन्धित पदका लागि तोकिएको सम्बन्धित बिषय उतिर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता भएको । | लिखित र मौखिक अन्तरवार्ता |

**तपसिल**

**१.** सेवाको किसिम : करार
**२.** उम्मेदवारको उमेरको हद : दरखास्त दिने मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।
**३.** तलव तथा भत्ता सुविधा : अस्पताल व्यवस्थापन समितिको नियम अनुसार हुनेछ ।
**४.** दरखास्त दस्तुर : आठौं तहको लागी रु १०००/- र पाचौं तहको लागी रू. ५००/- (फिर्ता नहुने गरी)
**अस्पतालको बिलिङ काउन्टरमा सम्बन्धित तहको रकम बुझाउनु पर्नेछ ।**
**५.** फारम लिनेर बुझाउने: यस अस्पतालको वेबसाइट (mbhtc.p1.gov.np/2025/02/24/application-form)बाट आवेदन फारम डाउनलोड गरी त्यसमा आवश्यक सम्पूर्ण विवरण भरेर आवश्यक अन्य कागजात सहित प्रशासन शाखामा बुझाउनु पर्ने छ ।
**६.** परीक्षा संचालन मिति: दरखास्त फारम बुझाउने म्याद सकिएपछि तोकिने छ ।
**७.** आवेदनको लागी अनिवार्य संलग्न गर्नुपर्ने आवस्यक कागजातहरु
**(सबै कागजात रेकर्ड फाइलमा फाइलिङ्ग गरी पेश गर्नुपर्ने छ ।)**

१. व्यक्तिगत विवरण (बायोडाटा) ।
२. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति ।
४. SLC/SEE देखी आवश्यक न्यूनतम शैक्षिक योग्यतासम्म उतीर्ण गरेको सम्पूर्ण प्रमाण पत्र र लाब्धांक पत्र (मार्कसिट र ट्रान्सकृप्ट)को प्रतिलिपी ।
५. सम्बन्धित विषयको काउन्सिल दर्ता/नवीकरण प्रमाण पत्रको प्रतिलिपि । (यदि विदेशी शिक्षण संस्थाबाट शैक्षिक योग्यता हासिल गरेको भए समकक्षता प्रमाणित गरेको प्रमाणपत्रको प्रतिलिपि समेत)
६. आवेदन फारमको साथमा तोकिएको दस्तुर तिरेको सक्कलै बिल ।

**८.** म्याद नाघी आएका र रीत नपुगेका दरखास्त उपर कुनै कार्वाही गरिने छैन
**९.** अन्य कुराहरु अस्पताल व्यवस्थापन समितिले तोके बमोजिम हुनेछ
**१०.** थप जानकारीको लागी: इमेल: mbhtc.np@gmail.com, वेवसाइट: https://mbhtc.p1.gov.np

**-कार्यालय प्रमुख**



## कम्पनीको नाम परिर्वतन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मिति : २०८२/०८/०१ गते**

यस कम्पनीको मिति २०८२/०७/१५ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कर्मकाण्ड एप प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/०६/०९ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **कर्मकाण्ड इन्टरप्राइजेज प्रा.लि.(प्रा.लि.नं. ३६२४४८)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७३/०२/०३ मा दर्ता भएको **प्रा. लि. नं. ३५९७११/०८१/०८२** को श्री **एलिगेन्ट नेपाल होलिडेज प्रा. लि.** को मिति २०८२/०७/३० को विशेष बैठकको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटर: श्रवण कुमार श्रेष्ठ, इजाजत पत्र नं. ४०४,**
**ठेगाना: त्रिपुरेश्वर, काठमाडौं, फोन नं. ९८५१२१७००४**



## तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८२/०८/०१

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ फर्टिलाइजर एण्ड केमिकल्स् लि.** को मिति २०८२ कार्तिक ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार तेश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२ मंसिर २६ गते, (तदनुसार डिसेम्बर १२, २०२५)
**समय :** दिनको १:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाडौं ।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने ।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. संचालक समितिको गठन गर्ने ।
५. अध्यक्ष र संचालकहरुको बैठक भत्ता निर्धारण गर्ने ।

**(ख) विशेष प्रस्तावहरु:**
६. कम्पनीको अधिकृत पूँजी, जारी पूँजी र चुक्ता पूँजी वृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।
७. यस कम्पनीले हकप्रद शेयर निष्काशन गर्ने । साथै हकप्रद शेयर निष्कासन गर्ने सम्बन्धी आवश्यक कार्यको लागि संचालक समितिलाई अख्तियारी दिने ।
८. कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रस्तावित बुँदाहरुमा संसोधन गर्ने ।
९. कम्पनीले उद्देश्य मिल्ने कम्पनीहरुलाई प्राप्ति (Acquire) गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।
१०. प्रबन्धपत्र र नियमावलीको बुँदाहरुमा हुने संसोधनमा नियामक निकायबाट आवश्यक हेरफेर/संसोधनको लागि सुझाव प्राप्त भएमा सोहि बमोजिम संसोधन गर्न संचालक समितिलाई अख्तियारी दिने ।

**(ग) विविध ।**

**आज्ञाले,**
नारायण कुमार श्रेष्ठ
अध्यक्ष

**मुक्तिनाथ फर्टिलाइजर एण्ड केमिकल्स लि.**
**MUKTINATH FERTILIZER & CHEMICALS LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेल:** info@muktinathkrishi.com
**वेबसाइट:** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## राहदानी वितरण सहज बनाऊ

एउटा उखान छ– सरकारी काम, कहिले जाला घाम । अहिले राहदानी सेवामा ठ्याक्कै लागू भएको छ यो । कारण, जेन–जी विद्रोहपछि राहदानीको माग उच्च भएको छ । सरकारले भने अत्यावश्यकमात्रै आउन् भनेर सेवा नै ठप्प पारेको छ । हरेक संक्रमणलाई देखाएर सरकार आफैंले सेवा अवरुद्ध पार्ने प्रयास गरेको यो अर्को शृंखला हो । सवारी चालक अनुमतिपत्रदेखि जग्गाधनी पुर्जामा सरकारले पछिल्लो विद्रोहलाई देखाउँदै काम अवरुद्ध पार्ने प्रयास गरेको छ ।

यो समय विदेशमा घुम्न, पढ्न जाने सिजन हो । त्यसैले पनि अघिल्लो वर्षहरूमा यो समयमा राहदानी बनाउनेहरूको चाप लाग्थ्यो नै । तर यसपटक भने राहदानी विभागले छपाईमा समस्या देखाउँदै राहदानी वितरणमा गोलमाल गर्न थालेको महिना दिन नाघिसक्यो । विभागले फागुनपछिमात्र अर्को कम्पनीले राहदानी सहजसँग छापिने जनाएको छ । अहिले दोब्बर दस्तुर तिरेर सजिलैसँग राहदानी बनिरहेको छ । तर त्यो पनि बिचौलियालाई रकम पोसेरमात्र सम्भव छ । जिल्ला–जिल्लामा साधारण दस्तुर तिरेर आवेदन दिएको राहदानी दुई महिना पुग्दा पनि पुगेको छैन । सामान्यतया १५ दिनमा छापेर जिल्ला सदरमुकाम पुग्ने गरेको राहदानीमा सरकारी कार्यालयबाटै सर्वसाधारणलाई दुःख दिने काम गरेको हो ।

यो नियतबश नै गरेको देखिन्छ । काठमाडौंमा अत्यावश्यक परेका व्यक्तिले राहदानी बनाउन आउने गर्छन् । उनीहरूले दोब्बर रकम तिर्नुपर्छ । काठमाडौंबाट राहदानी फाराम भर्ने लाइन लिन निकै मुस्किल हुन्छ । त्यसमा राहदानी विभाग काठमाडौंका कर्मचारीले बिचौलियालाई विशेष सूचनामार्फत खाली 'स्लट' रहेको ठाउँहरूको जानकारी गराउने गर्छन् ।

ती ठाउँको समय लिन बिचौलियामार्फत राहदानी बनाउन पुग्नुपर्छ । जसका लागि राहदानी बनाउन पुगेकाहरूले पाँच हजार रूपैयाँसम्म बढी रकम बुझाउनुपर्ने हुन्छ । यो राज्यको हदैसम्मको ठगी हो । एक त दोब्बर रकम तिरेर राहदानी बनाउनुपर्ने बाध्यता, त्यो पनि पालो लिन पनि घूस रकम तिर्नुपर्ने बाध्यता । सुशासनको नारा घन्काएर जेन–जी आन्दोलनको बलमा बनेको सरकारका लागि यो अशोभनीय विषय हो । काठमाडौंबाट पालो नपाउने, अरु जिल्लाबाट मिलाउने, यसरी सेटिङ गरी नागरिकलाई दुःख दिने नियतलाई निको मान्न सकिन्न । यस्तो भ्रष्टाचारलाई मलजल गर्ने गरी गरिएको व्यवस्था तुरुन्त हटाएर राहदानी वितरण सहज बनाऊ ।

श्रम सरोकार

## सामाजिक सुरक्षा कोषबाट लिन सकिने लाभ

वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको जीवन थप सुरक्षित होस् भनेर सामाजिक सुरक्षा कोषमा अनिवार्य आबद्ध हुनुपर्ने प्रावधान लागू गरिएको छ । यसका लागि उनीहरूलाई श्रम स्वीकृति लिँदा नै कोषमा आबद्ध गराइन्छ । बाध्यकारी भएकाले श्रम स्वीकृति लिने सबै कोषमा जोडिन्छन् तर यसका फाइदाहरू थाहा नपाउँदा अधिकांशले कोषमा नियमित रकम जम्मा गर्दैनन् । जसकारण अशक्तता, दुर्घटना, मृत्युजस्ता समस्या आइपर्दा पाउनुपर्ने सुविधाबाट वञ्चित हुनुपर्ने अवस्था छ । श्रम स्वीकृति लिनेबेलामा मात्र नभई विदेशमा रहेकाहरूले पनि कोषमा आबद्ध हुन सक्छन् ।

**के-के छन् फाइदा ?**

योगदान रकमबाट उनीहरूले दुर्घटना तथा अशक्तता सुविधा तथा वृद्धावस्था सुरक्षा योजनामा सहभागी हुन पाउँछन् । यदि यस्ता श्रमिकको मृत्यु भएको अवस्थामा आश्रित परिवारलाई पनि कोषले सुविधा उपलब्ध गराउँछ । योगदान रकमको ७.४८ प्रतिशत रकम दुर्घटना तथा अशक्तता सुरक्षा योजना र आश्रित परिवार सुरक्षा योजनामा जम्मा हुन्छ । त्यस्तै वृद्धावस्था सुरक्षा योजनामा १३.८५ प्रतिशत रकम जम्मा हुने व्यवस्था छ ।

यो सुविधा पाउन घटना घटेको मितिभन्दा अघिको १२ महिनामा कम्तीमा नौ महिनाको योगदान रकम कोषमा जम्मा गरेको हुनुपर्ने प्रावधान छ । त्यस्तै, वृद्धावस्था सुरक्षा सुविधा प्राप्त गर्न भने योगदानकर्ताले वैदेशिक रोजगारी अन्त्य गरी नेपाल फर्किएको हुनुपर्छ । कोषमा हरेक महिना न्यूनतम दुई हजार दुई रूपैयाँ जम्मा गर्नुपर्छ । एकैपटक सात महिना वा सोभन्दा बढीको रकम जम्मा गरे १० प्रतिशतसम्म छुट पाइन्छ । वैदेशिक रोजगारीबाट फर्किंदा पनि कोषमा आबद्ध हुनेले विभिन्न सुविधा पाउने व्यवस्था छ ।

**योगदान रकम कसरी जम्मा गर्ने ?**

रकम जम्मा गर्न कतै जानै पर्दैन । अनलाइन भुक्तानी च्यानल प्रयोगकर्ताहरूले सजिलै जम्मा गर्न सकिन्छ । कनेक्ट आइपिएस, खल्ती, इ-सेवा, फोन पेलगायतका भुक्तानी प्रणालीमार्फत नियमित योगदान गर्न सकिन्छ ।

**नियमित योगदान नगरे के हुन्छ ?**

कोषमा नियमित योगदान नभए पाउनुपर्ने सुविधाबाट वञ्चित भइन्छ । कोषअन्तर्गतका विभिन्न योजनामध्य स्वास्थ्यसम्बन्धी सेवा पाउनका लागि पछिल्लो छ महिनाको रेकर्डमा तीन महिनाको योगदान गरेको भए पुग्छ । तर दुर्घटना, आश्रित परिवार कोषलगायतको सुविधा पाउन प्रत्येक महिना नियमितरूपमा जम्मा गरेको हुनुपर्दछ ।

# आवेग होइन व्यावहारिक राजनीतिको आवश्यकता



रमेशकुमार बोहोरा

> यतिबेला जनताले 'घोटालाको खेती' चलेको आरोप लगाउनु केवल भावनात्मक प्रतिक्रिया होइन तथ्यहरूले पनि त्यही पुष्टि गर्छ । तथ्यांक हेरफेर, लक्ष्य पूरा नहुने परम्परा, अनुगमनविहीन परियोजना, खर्च नहुने बजेट यी सबैले राज्यको विश्वासनीयता गम्भीररूपमा घटाएका छन् । पुँजीगत खर्चलाई विकासको आधार मानिन्छ तर हामीले वर्षभर छुट्याएको रकम नै फर्काएर पठाउने परम्परा बसालिसकेका छौं ।

देश अहिले यथार्थमै एउटा गम्भीर संक्रमणको चरणमा छ । यस अवस्थालाई बुझ्न सतही दृष्टि पर्याप्त हुँदैन गहिरो विश्लेषण तथ्य र प्रमाण आवश्यक छन् । २०८२ साल भदौ २३ र २४ गते देशभर भड्किएको जेन-जी आन्दोलनले केवल तत्कालको असन्तुष्टिमात्र देखाएन दशकौंदेखि थिचिँदै आएका संरचनागत समस्या, अव्यवस्था, भ्रष्टाचार, नेतृत्वहीनता र कमजोर शासन प्रणालीको वास्तविक अनुहार बाहिर ल्याइदियो । देख्दा यो युवा पुस्ताको आकस्मिक क्रोधजस्तो लागे पनि यसको मूल कारण राज्यका दीर्घकालीन असफलता र जनतामा बढ्दै गएको निराशा नै हो ।

सबैभन्दा चिन्ताजनक कुरा यति ठूलो अस्थिरता र क्षतिपछि पनि कसैले जिम्मा लिन चाहेन । संविधान कागजमा छ तर व्यवहारमा 'कोमा'मा परेजस्तो देखिन्छ । सुरक्षा निकायहरू भ्रममा परे, सरकार मौन रह्यो, निर्णयहरू ढिला भए र जनताले पाएका जवाफहरू खाली र असन्तोषजनक रहे । केही दिनको शान्ति देखिए पनि वास्तविक संकट सकिएको छैन । करिब पाँच हजार कैदी जेलबाट भागेपछि तिनको अवस्थाबारे स्पष्ट तथ्य छैन । जुन राज्य संयन्त्र कति कमजोर बनेको छ भन्ने गम्भीर संकेत हो । तिहारमा देखिनुपर्ने सुरक्षा सतर्कता पनि कमजोर रह्यो धेरै स्थानमा खुलेआम तोडफोड र आपराधिक गतिविधि बढे तर सरकार हेरेको हेर्‍यै भयो ।

युवा पुस्ताको मनोविज्ञान पनि अस्थिर देखिन्छ । सामाजिक सञ्जालको छिटो प्रतिक्रियालाई नै वास्तविकता ठान्ने प्रवृत्ति बढेको छ । क्लिक र ट्रेण्डलाई नै समाधान ठानिँदा तथ्य प्रक्रिया र दीर्घकालीन सोच कमजोर बन्दै गएका छन् । यसले नेतृत्वप्रति विश्वास, निर्णय प्रणालीको विश्वसनीयता र सामाजिक अनुशासन दुवैलाई असर गरेको छ ।

आर्थिक सूचकहरू पनि चिन्ताजनक छन् । राष्ट्र बैंकका पछिल्ला तथ्यांकअनुसार उपभोक्ता मुद्रास्फीति १.४७ प्रतिशत छ । जुन सतहमा राम्रो जस्तो देखिए पनि संरचना भित्रीरूपमा कमजोर छ । कूल आयात १९.८ प्रतिशतले बढेको छ जसले उपभोगमा बढ्दो निर्भरता झल्काउँछ । आयातको ३६.८ प्रतिशत अन्तिम उपभोग्य वस्तु ५४.३ प्रतिशत मध्यवर्ती वस्तु ८.९ प्रतिशत पुँजीगत वस्तु हुनु अर्थतन्त्र स्वदेशी उत्पादनभन्दा आयातमै टेकिएको प्रमाण हो ।

विप्रेषण ३५.४ प्रतिशतले बढेर पाँच खर्ब ५३ अर्ब ३१ करोड रूपैयाँ पुगेको छ । यो प्रवाह अब 'सहारा'भन्दा 'लत'जस्तै बन्न थालेको छ किनकि आन्तरिक रोजगारी र उत्पादन कमजोर भएको अवस्थामा विदेशमा पसिना बगाउने युवाको श्रममै देश टिकेको छ । सरकारको कूल खर्च १८० अर्ब १७ करोड पुगेको छ तर विभिन्न खातामा २५५ अर्ब ६१ करोड निष्क्रिय मौज्दात बसिरहेको छ । जसले बजेट कार्यान्वयनको गम्भीर असक्षमता उजागर गर्छ । प्रशासन काम गर्न डराउने, नेतृत्व जिम्मेवारी नलिने र प्रक्रिया अत्यधिक जटिल हुने कमजोरीले विकासलाई पछाडि धकेलेको छ ।

धितोपत्र बजार पुँजीकरण ४४ खर्ब ६७ अर्ब ३० करोड रूपैयाँ पुगे पनि त्यसको लाभ वास्तविक अर्थतन्त्रले पाएको छैन लाभ सीमित वर्गमै सीमित छ । जेन-जी आन्दोलनका क्रममा ६२९ भवन पूर्णरूपमा नष्ट र एक हजार ५६० भन्दा बढी भवन आंशिकरूपमा क्षतिग्रस्त भए । करिब दुई खर्बभन्दा बढी आर्थिक नोक्सानीको अनुमानले देशको आर्थिक अवस्थालाई झनै दयनीय बनाएको छ । विश्व बैंकले चालु आर्थिक वर्षको वृद्धि २.१ प्रतिशतमा सीमित हुने प्रक्षेपण गरेको छ जुन लक्ष्यको करिब आधा हो ।

यतिबेला जनताले 'घोटालाको खेती' चलेको आरोप लगाउनु केवल भावनात्मक प्रतिक्रिया होइन तथ्यहरूले पनि त्यही पुष्टि गर्छ । तथ्यांक हेरफेर, लक्ष्य पूरा नहुने परम्परा, अनुगमनविहीन परियोजना, खर्च नहुने बजेट यी सबैले राज्यको विश्वासनीयता गम्भीररूपमा घटाएका छन् । पुँजीगत खर्चलाई विकासको आधार मानिन्छ तर हामीले वर्षभर छुट्याएको रकम नै फर्काएर पठाउने परम्परा बसालिसकेका छौं ।

समस्या केवल राज्यमै सीमित छैन । नागरिकको मौन सहमति, गलतलाई सही ठान्ने संस्कार, जात, नाता वा विचारका कारण भ्रष्टाचारको बचाउ गर्ने बानीले समस्यालाई अझै गहिरो बनाएको छ । सामाजिक सञ्जालले क्षणिक भ्रम सिर्जना गर्छ तर वास्तविक समाधान त्यहाँबाट आउने छैन ।

आन्दोलनले परिवर्तनको आशा ल्याए पनि पछिल्ला वर्षमा ती आन्दोलन संरचनागत सुधारमा परिणत हुन सकेका छैनन् । नेतृत्वको कमजोरी, दलगत स्वार्थ, नातावाद-कृपावाद र प्रशासनिक अक्षमताका कारण परिवर्तन कागजमै सीमित रह्यो अब त सामाजिक सञ्जालको केही सेकेण्डको भिडियोले मान्छेलाई 'भगवान्' र 'राक्षस' दुवै बनाइदिने अवस्था छ । तर सत्य र अध्ययनमा आधारित मूल्यांकन हराउँदै गएको छ ।

चुनावले मात्र समस्या समाधान हुँदैन भन्ने यथार्थ फेरि प्रस्ट भएको छ । नीति निरन्तरता, सक्षम प्रशासन, पारदर्शिता, दीर्घकालीन योजना र कानुनको समान कार्यान्वयनविना नेतृत्व फेरिए पनि परिणाम उस्तै रहन्छन् । सकारात्मक संकेतहरू ऊर्जा निर्यातको सम्भावना, कृषि आधुनिकीकरणको छलफल, प्रविधिमा युवाको वृद्धि, कूटनीतिक सक्रियतालगायत छन् तर राजनीतिक स्थिरता नभएसम्म ती सम्भावना व्यवहारमा बदलिन सक्दैनन् ।

राजनीतिक दलबीचको अविश्वास, पद बदल्ने खेल, निर्णयमा ढिलाइ, योजनाको निरन्तरता भंग हुने बानीले सुधारका संकेतहरू अस्थायी बनाइदिएका छन् । शासन प्रणाली सक्षम नबनेसम्म, प्रशासन चुस्त नबनेसम्म, भ्रष्टाचार नियन्त्रण नहुँदासम्म र युवाले स्वदेशमै भविष्य देख्न नसक्दासम्म कुनै पनि सुधार दीर्घकालीन बन्ने छैन ।

अब आवश्यक छ आवेग होइन व्यावहारिक राजनीतिको । युवाको आवाजलाई प्राथमिकता दिनुपर्छ तर त्यो आवाज ठोस नीतिगत कार्ययोजनामा परिणत हुनुपर्छ । मनपरितन्त्र अन्त्य गर्दै सबै नागरिकले समान अवसर पाउने वातावरण निर्माण गर्नुपर्छ । भ्रष्टाचार नियन्त्रण, सूचना प्रणाली मजबुत बनाउने, विधि विधान सरल गर्ने, नतिजामुखी सरकारी संरचना बनाउने, राजस्व सुधार गर्ने, पुँजीगत खर्च समयमै कार्यान्वयन गराउने र राष्ट्रिय प्राथमिकतामा एकमत कायम गर्ने काम तत्काल सुरु हुनैपर्छ ।

देश संक्रमणमै छ तर यही अवस्थाले भविष्य निर्माण गर्ने अवसर पनि बोकेको छ । चुनौती ठूलो छ तर समाधान असम्भव छैन । अहिलेको माग उत्तेजना होइन संयमित योजना हो, आवेग होइन गहिरो अध्ययन हो, आरोप होइन साझा जिम्मेवारी हो, देखिएका सुधारका संकेतलाई कार्यान्वयनमा बदल्ने राजनीतिक इच्छाशक्ति, सक्षम प्रशासन र जनसहभागिता भएमात्र देश अहिलेको संकट पार गरेर स्थिर, समृद्ध र न्यायसम्पन्न भविष्यतर्फ अघि बढ्न सक्छ ।

# धिमे मैचा इन्दिरा लाछिमस्युको विद्रोह



पदम श्रेष्ठ

> थुप्रै विभेदका बावजुद पनि घर परिवारमा आमाबुबा, बाजे र गुरू समाजलाई समेत आफूले नारी भएकै कारण धिमे छुन बजाउन नहुने भन्ने कूतर्कबारे प्रश्न गर्छिन् । जसरी पनि आफ्नो धिमे बजाउन रोक्ने कूसंस्कारलाई परास्त गर्छु र ती पुरूषले मात्र बजाउन हुने भन्ने विनाआधारलाई परिवर्तन गर्छु भनी अति कष्टका साथ विद्रोह गरेकी मूल पात्र हुन्, इन्दिरा लाछिमस्यु ।

करिब ३० वर्ष पहिलेसम्म पनि महिलाले धिमेबाजा बजाउन त के छुनसम्म पनि पाउँदैनथ्यो, सुरेन्द्र तुलाधर ख्वटावजीद्वारा लिखित तथा निर्देशित चलचित्र धिमे मैचा प्रदर्शनले उजागर गरिदिएको तथ्य कुरा हो यो । काठमाडौं उपत्यकाका विभिन्न चलचित्र हलहरूमा प्रदर्शित धिमे मैचाले नेवारी पहिचान बोकेको धिमेबाजा महिलाले छुनसमेत नमिल्ने परम्परा थियो भन्ने तथ्य पस्किदिएको छ । गुरुहरूले धिमेबाजा बजाउन सुरु गर्दा वा अन्त्य गर्दा पूजा गर्ने देवता नासःद्योलाई महिलाले छुन र पूजा गर्नुहुन्न भन्ने मान्यता थियो भन्ने देखाइएको छ ।

तर यस्ता थुप्रै विभेदका बावजुद पनि घर परिवारमा आमाबुबा, बाजे र गुरु समाजलाई समेत आफूले नारी भएकै कारण धिमे छुन बजाउन नहुने भन्ने कूतर्कबारे प्रश्न गर्छिन् । जसरी पनि आफ्नो धिमे बजाउन रोक्ने कूसंस्कारलाई परास्त गर्छु र ती पुरुषले मात्र बजाउन हुने भन्ने विनाआधारलाई परिवर्तन गर्छु भनी अति कष्टका साथ विद्रोह गरेकी मूल पात्र हुन्, इन्दिरा लाछिमस्यु ।

उनै ऐतिहासिक पात्र इन्दिराको बाल कलाकारको भूमिकामा सिम्रिक श्रेष्ठले निर्वाह गरेकी छन् भने हुर्किएर विवाहपछिको भूमिका रोजिना सुवाल र उनको श्रीमान्‌को भूमिकामा रूपेन्द्र श्रेष्ठ छन् । कथा सानै हुन्छ, केटी मान्छेले धिमे बजाउन हुँदैन । तर बाल मनोविज्ञानमा त्यो कूसंस्कारले कत्रो प्रभाव पार्दो रहेछ भन्ने तथ्यलाई लेखक निर्देशक ख्वटावजीले सूक्ष्म ढंगबाट प्रस्तुत गराउन सफल भएका छन् । कलाकारहरूले पनि छ/सात वर्षको मनमा देवता पूजा गर्न नहुने, धिमे बाजा त छुनै नहुने भन्ने कुराले कतिसम्म कौतुहलताका साथै विद्रोह भाव उत्पन्न गर्छ भन्ने कुरालाई जीवन्त अभिनय पस्किन सफल भएका छन् । उनले आमा नगिना श्रेष्ठ र बाबु कलाकार रामराजा भामसमक्ष प्रश्न गर्छिन्, हामी नारी भएकै कारण बाजा किन सिक्न हुँदैन ? गुरुहरूसमक्ष पनि प्रश्न गर्छिन् ।

भक्तपुर दत्तात्रय निवासी इन्दिरा बालसखाहरूसँग खेलिरहेको बेलामा पनि आफ्नै घरमा धिमे/नौ बाजाहरू गुरुले विद्यार्थीहरूलाई सिकाइरहँदा खेल्दाखेल्दै छोडेर बाजाको ताल बोल सिक्न दौडिन्थिन् । तर किशोर केटाहरूलाई सिकाइरहेको ठाउँमा वाद्यगुरु लक्ष्मीकुमार महर्जन र देवचन्द्र बज्राचार्यले उनलाई कक्षामा बस्न दिँदैनन् । तर खाने मुखलाई जुँगाले छेक्दैन भनेझैं हुर्कंदै गइरहेकी इन्दिरा लुकीलुकी बाजाको बोल, ताल आधार टिपोट गर्थिन् ।




घ्याम्पो वा लोटा ठटाएर कोठाभित्र गुरुहरूले अरुलाई सिकाउँदा सिकेको बोल/तालको प्रयोग गर्ने कोसिस गरिरहिन् । कहिले भाँडा माझ्दा थालसमेत बजाएर इन्दिराले धिमे सिकेको चलचित्र धिमे मैचाले उजागर गरेको छ ।

तर छोरीचेलीले त प्रश्नसमेत गर्न हुँदैन, परम्परालाई पछ्याउने मान्नेमात्र हो भन्ने गरिन्थ्यो । इन्दिराको धिमे बाजा सिक्ने आँट, इच्छालाई केहीले रोक्न सकेन । आफ्ना हजुरबुवा तुयुबहादुर महर्जनसमक्ष धिमेबाजा सिक्ने इच्छा व्यक्त गरेपछि लामो छलफलपछि उनले सिक्न पाउँछिन्, हजुरबुवाले भनेपछि गुरुहरूले पनि सिकाउन सहमति जनाउँछन् ।

उनले घरमा त जिद्दी गरेर सिकिन् । तर समाजमा नयाँ काम गर्न थालेपछि गुरुलगायत समाजका विविध व्यक्तिहरूले खिसिटचुरी गरेपछि केही समय उनी बजाउन जानेर पनि धिमेबाजाबाट टाढा भइन् । तर पछि आफ्ना पिताको राम्रो काम गर्न डराउनु पर्दैन भन्ने सल्लाह, आडभरोसा पाएपछि धिमे बजाउन थालिन र धिमे मैचाको पहिचान बनाइन् ।

उनको विवाहपछिको भूमिका रोजिना सुवाललाई उनका श्रीमान् रूपेन्द्र श्रेष्ठबाट पनि साथ सहयोग पाएपछि धिमे मैचालाई समाजमा अन्य महिलाहरूलाई पनि धिमेलगायतका वाद्यवादन बजाउन सिकाउन सहज हुँदै जान थाल्छ र इन्दिरा नेपालकी प्रथम धिमे मैचा बन्न सफल हुन्छिन् । ख्याली जुजु मदनकृष्ण श्रेष्ठकोसमेत अतिथि कलाकारको भूमिकामा रहेको चलचित्र धिमे मैचाका लेखक तथा निर्देशक सुरेन्द्र तुलाधर (ख्वटावजी) भन्छन्- नेपाल भाषाको पहिलो वायोपिक चलचित्र बन्न सफल भएको छ । जीवित पात्रकै जीवनीमा आधारित चलचित्र, धिमे मैचाका निर्माताहरू गोपालकृष्ण महर्जन, सुरेन्द्र शाक्य, रमिता श्रेष्ठ रहेका छन् । चलचित्रमा गीत संगीत निल शाक्य र सुरेन्द्र श्रेष्ठको रहेको छ । गायनमा पवित्र कसाः, निसा देशार, सतिस महर्जन, बालिका प्रधानले स्वर दिएका छन् ।

चलचित्रमा फिरोज बज्राचार्य र जीवित महर्जनको संगीत संयोजन रहेको छ भने नृत्य निर्देशक रोहिया महर्जन, राहुल बराइलीले गरेका छन् । दिव्य सुवेदीको छायांकनमा बनेको चलचित्र धिमेमैचाको सम्पादन सुजन बरालले गरेका छन् । काठमाडौं उपत्यकाका विभिन्न हलहरूमा प्रदर्शनपछि विश्वका विभिन्न देशहरू अमेरिका, जर्मन, फ्रान्स, जापान, बेलायत, युएई, क्यानाडा, दक्षिण कोरिया र अस्ट्रेलियामासमेत प्रदर्शन गर्ने योजना रहेको चलचित्र निर्देशक श्रेष्ठले जानकारी दिए ।

नेपाल भाषाको हास्य टेलिसिरियल ख्वाता बजीबाट चर्चित भएका निर्देशक श्रेष्ठले धिमे मैचामार्फत चलचित्रमा प्रवेश गरेर धिमे मैचाको धिमे सिक्ने सपना साकार पार्दाको संघर्षलाई देखाएर इच्छाशक्ति राख्न सके जुनसुकै काम सफल हुने प्रस्ट पारेका छन् । समग्रमा भन्नु पर्दा समृद्ध, सम्पन्न, सुसंस्कृत भनिने नेवार समाजभित्र पनि ३० वर्ष अगाडिसम्म बाजा देवताको नाउँमा नारी छोरीचेलीको जीवनमा कतिसम्म विभेद रहेछन् भन्ने तथ्य उजागर भएको छ । यद्यपि, देवतारूपी धिमे र नासःद्यो नृत्य नाथलाई छुई भएकी छोरी चेलीले पुज्न, छुन नहुने रहेको कारण आदिकालदेखि नै नारीले धिमे छुन हुँदैन भन्ने मान्यता रहेको तथ्य पनि खुलाइदिनुपर्थ्यो । लेखक तथा निर्देशकले सो तथ्य नखुलाई एकोहोरो आरोपमात्र लगाउने विद्रोहपछि सफल हुने भन्नेमात्र देखाइएको दर्शक विश्वनाथ श्रेष्ठको भनाइ छ ।

अर्का दर्शक फर्पिङ निवासी रमा महर्जनका अनुसार अहिले पनि नासःद्य ल्हयगु गुठीयार समाजको धिमे तालिममा छोरीचेलीलाई सहभागिता गराइँदैन । फर्माइसी धिमे वाद्यवादनमामात्र महिलालाई सहभागिता गराउने गरिन्छ । धिमे मैचा इन्दिराले नारीलाई घरायसी चुल्होचौकाबाट बाहिर पनि ल्याउन गरेको योगदानलाई सम्मान त गर्नैपर्छ तर सुत्केरी हुँदा, दुई जिउको वा पर सरेको बेला देवतारूपी धिमे बजाउन पाउनैपर्छ, दिनैपर्छ भनेर धिमे मैचाले नभनेको हुनसक्ने कतिपय दर्शकले बताए ।

**पृष्ठ ४ बाट क्रमश:**

## असोजमा...

उक्त आवको तीन महिनाको तुलनामा यस आवको तीन महिनामा एक खर्ब ४६ अर्ब रूपैयाँ बढी रेमिटचान्स आएको छ। यसभन्दा अघिका आवको यसै अवधिको तथ्यांक हेर्दा आव २०७७/७८ मा दुई खर्ब ५८ अर्ब ८६ करोड, २०७८/७९ मा दुई खर्ब ३९ अर्ब ३२ करोड, २०७९/८० मा दुई खर्ब ८१ अर्ब पाँच करोड र २०८०/८१ मा तीन खर्ब ६५ अर्ब ३४ करोड रूपैयाँ प्राप्त भएको थियो।

राष्ट्र बैंकले सार्वजनिक गर्ने वित्तीय विवरणमा वैधानिक माध्यमबाट आएको रकममात्र समावेश गरिएको हुन्छ। रोजगारीमा जाने कतिपयले हुण्डीलगायतका माध्यमबाट अवैधानिकरूपमासमेत रकम पठाउने गर्छन्। यसरी पैसा पठाउँदा सुरक्षित मानिँदैन। यस्तो रकम सरकारी तथ्यांकमा पनि उल्लेख गरिँदैन।

वैदेशिक रोजगारीबाट आउने रेमिटचान्सले मुलुकको अर्थतन्त्रमा मेरुदण्ड रूपमा भूमिका खेल्दै आएको छ। समग्र अर्थतन्त्रमा झण्डै ३० प्रतिशत योगदान रेमिटचान्सको रहेको छ। पछिल्लो समय सरकारले अवैधानिक बाटोबाट रकम पठाउने प्रवृत्ति रोक्न विभिन्न कदम चालेको छ। नेपालको बैंकमा रेमिटचान्स खाता खोली त्यसमा पैसा पठाउँदा अन्य खातामा भन्दा एक प्रतिशत बढी ब्याज दिनेलगायत विभिन्न सुविधा दिइँदै आएको छ।

■■■

## त्रिवि क्रिकेट...

'सबै पूर्वाधार सम्पन्न क्रिकेट मैदान बनाउने सपना पूरा हुँदै छ, नेपाली क्रिकेटको बढ्दो अन्तरर्राष्ट्रियस्तरअनुरूप सरकारले आवश्यक सबै स्रोतसाधन उपलब्ध गराउने छ,' मन्त्री घिसिङले भने। नेपालमा क्रिकेट एउटा खेलमात्र नभई राष्ट्रिय एकता र आर्थिक समृद्धिको माध्यमसमेत भएको उनको भनाइ थियो।

नेपाल क्रिकेट संघ (क्यान) का अध्यक्ष चतुरबहादुर चन्दले त्रिवि रंगशालामा नेपाली क्रिकेटप्रेमीको नेपालमा नै अन्तर्राष्ट्रिय क्रिकेट हेर्ने सपना पूरा हुने कामको सुरुआत भएको बताए। उनले क्रिकेट संघले तोकेका प्राथमिकताअनुसार क्रिकेट मैदान बनाउन राजनीतिक नेतृत्वसँग आग्रह गरे।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टंकलाल घिसिङले खेलप्रेमी नेपालीको सपना पूरा भएको बताउँदै अब दोस्रो चरणका संरचना निर्माण गर्न उत्तिकै प्राथमिकता दिन सरकारलाई आग्रह गरे। देशका अन्य भागमा पनि एनपिएलजस्ता खेल आयोजना गर्न सक्ने संरचना बनाउनुपर्ने उनको भनाइ थियो।

कीर्तिपुर नगरपालिकाका प्रमुख कृष्णमान डंगोलले कीर्तिपुरको आँगनमा अन्तर्राष्ट्रिय खेल हुनु समग्र कीर्तिपुरवासीकै गौरवको विषय भएको बताए। 'कीर्तिपुरको नाम अन्तर्राष्ट्रिय स्तरमा प्रख्यात हुने अवसर आएको छ,' उनले भने। कार्यक्रममा निर्माणमा महत्त्वपूर्ण योगदानकर्तालाई मन्त्री घिसिङले सम्मानित गरेका थिए। देशमा नै पहिलोपटक आधुनिक प्यारापिट र छ वटा फ्लड लाइटसहित पुनर्निर्माण गरिएको त्रिवि क्रिकेट रंगशाला नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणको पूर्वसन्ध्यामा सहरी विकास मन्त्रालयले हस्तान्तरण गरेको हो।

त्रिभुवन विश्वविद्यालयको आन्तरिक खेल मैदानका रूपमा रहेको मैदान २०५५ सालदेखि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाका रूपमा विकास गर्ने काम सुरु भएको हो। देशमा क्रिकेट खेलको मोह बढ्दै गएपछि पूर्ववर्ती केपी शर्मा ओली सरकारले गत २०८१ मंसिरमा मन्त्रिपरिषद्को पहिलो निर्णयका रूपमा त्रिवि क्रिकेट रंगशालालाई प्यारापिट र फ्लड लाइटसहित अत्याधुनिक क्रिकेट रंगशालामा स्तरोन्नति गर्ने निर्णय गरेको थियो।

यसअन्तर्गत पहिलो चरणमा १० हजार दर्शक अट्ने प्यारापिट निर्माण र रात्रिको समयमा पनि खेल सञ्चालन गर्न सकिने गरी छ वटा फ्लड लाइट जडान गरिएका हुन्। सरकारले बनाएको गुरुयोजनाअनुसार दोस्रो चरणमा कूल २५ हजार दर्शक अट्ने तथा अन्तर्राष्ट्रियस्तरका सबै आधुनिक क्रिकेट सुविधासहितको रंगशाला बनाइने छ।

■■■

## एनपिएलमा...

काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलसहित काठमाडौं प्रहरी प्रमुख रमेश थापासँग एनपिएलको सुरक्षा तयारीबारे गृहमन्त्री अर्यालले जानकारी लिएका थिए। गृहमन्त्रीको सचिवालयका अनुसार बैठकमा अर्यालले प्रतियोगिता अवधिभर सुरक्षा व्यवस्था चुस्त, दुरुस्त राख्न र कुनै पनि अवाञ्छित घटना हुन नदिन सुरक्षा सतर्कता बढाउन निर्देशन दिए।

'पहिलोपटक रात्रिकालीन समयमा पनि क्रिकेट हुने भएको यसपालिको सुरक्षा व्यवस्था झनै मजबुत र दुरुस्त हुन जरुरी भएकाले सोही अनुसार प्रबन्ध मिलाउन हुन निर्देश गर्दछु,' मन्त्री अर्यालले बैठकमा भने।


**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हकदाबी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७९/०२/१२ मा दर्ता भएको प्रा.लि.नं. २९११४७ को **सस्टेनेबल म्यानेजमेन्ट फर एक्सेसिबल रिसोर्सेस एण्ड टेक्नोलोजी प्रा.लि.** नामक कम्पनीले विशेष दर्ता खारेज गरी पाँउ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनुपर्ने दायित्व भए प्रमाणसहित हकदाबीको लागि ३० दिनभित्र यस कार्यालयमा दाबी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हकदाबी गर्न नआए उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



**नेपाल सरकार**
**उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**हकदाबी गर्न आउने बारेको सूचना**

यस कार्यालयमा मिति २०७६/०६/१३ मा दर्ता भएको प्रा.लि.नं. २२६२५३ को **ए.एन.जि. निर्माण सेवा प्रा.लि.** नामक कम्पनीले विशेष दर्ता खारेज गरी पाँउ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनुपर्ने दायित्व भए प्रमाणसहित हकदाबीको लागि ३० दिनभित्र यस कार्यालयमा दाबी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ। तोकिएको म्यादभित्र हकदाबी गर्न नआए उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।



**उत्तरगया गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**लहरेपौवा, रसुवा**
**बागमती प्रदेश, नेपाल**

**भूलसुधार**

**सूचना प्रकाशित मिति: २०८२।०८।०१**

यस पालिकाबाट मिति: २०८२।७३० गते प्रभाव दैनिक पत्रिकामा बोलपत्र दाखिला गर्ने अन्तिम मिति अंग्रेजी क्यालेण्डर अनुसार 01-12-2025, 12:00 बजे भित्र हुनुपर्नेमा अन्यथा हुन गएकोले यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।



**तेश्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८२/०८/०१

आदरणिय शेयरधनी महानुभावहरु,

**मुक्तिनाथ कृषि कम्पनी लि.**को सहायक कम्पनीको रुपमा दर्ता भएको **मुक्तिनाथ हर्वल बैंक लि.** को मिति २०८२ कार्तिक ३० गते सम्पन्न संचालक समितिको बैठकको निर्णय अनुसार तेश्रो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा, देहायका विषय उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सेयरधनिको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२ मंसिर २६ गते, (तदनुसार डिसेम्बर १२, २०२५)
**समय :** दिनको ३:०० बजे
**स्थान :** मुक्तिनाथ कृषि कम्पनीको कार्यालय, बसुन्धरा, काठमाडौं।

**छलफलका विषयहरु :**

**(क) सामान्य प्रस्तावहरु :**
१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०८१/०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०८१/०८२ आषाढ मसान्तको वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह लगायतका विवरणहरु पारित गर्ने।
३. आ.व.२०८१/०८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. संचालक समितिको गठन गर्ने।
५. अध्यक्ष र संचालकहरुको बैठक भत्ता निर्धारण गर्ने।

**(ख) विशेष प्रस्तावहरु:**
६. कम्पनीको प्रबन्धपत्र र नियमावलीको प्रस्तावित बुँदाहरुमा संसोधन गर्ने।
७. कम्पनीले उद्देश्य मिल्ने कम्पनीहरुलाई प्राप्ति (Acquire) गर्नको लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव पारित गर्ने।
८. प्रबन्धपत्र र नियमावलीको बुँदाहरुमा हुने संसोधनमा नियामक निकायबाट आवश्यक हेरफेर/संसोधनको लागि सुझाव प्राप्त भएमा सोहि बमोजिम संसोधन गर्न संचालक समितिलाई अख्तियारी दिने।

**(ग) विविध।**

**आज्ञाले,**
रामशरण तिमल्सिना
संचालक

**मुक्तिनाथ हर्वल बैंक लि.**
**MUKTINATH HERBAL BANK LTD.**
A Subsidiary Company of Muktinath Krishi Company Ltd.
बसुन्धरा चक्रपथ, काठमाडौं, **सम्पर्क नं :** ०१-४९५००९७
**इमेल:** info@muktinathkrishi.com
**वेबसाइट:** www.muktinathkrishi.com
"समृद्धिको आधार कृषि, कृषिको आधार प्रविधि"



# सडक डिभिजन साँफेबगर,अछाम

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धि आशयको सूचना**

**प्रकाशित मिति : २०८२/०८/०१**

यस सडक डिभिजनबाट मिति २०८२/०४/२९ गते हिमालय टाइम्स दैनिकमा सूचना नं. ०२/०८२/८३ को प्रकाशित सूचनाअनुसार www.bolpatra.gov.np/egp मार्फत आह्वान गरिएको ठेक्काहरुको लागि म्यादभित्र दर्ता भएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव मुल्याङ्कन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) बमोजिम निम्नानुसारको मिति,समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

**आर्थिक प्रस्ताव खोलिने मिति: २०८२/०८/०८ गते सोमबार, समय: बिहान ११:०० बजे, स्थान: सडक डिभिजन, साँफेबगर**

| सि.नं. | ठेक्का नं. | प्राबिधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएका बोलपत्रहरुको नामावली | |
|---|---|---|---|
| 1. | RDSNF/33701169/082/83-03 | 1. N.M.D./J&J RAWAL/C.B R JOINT VENTURE<br>2. Minu Construction Pvt. Ltd.<br>3. Nandegada /P.K.G. J.V. | 4. Golden-Bhim Joint Venture<br>5. G&J/BRS/NPS Joint Venture, Kailali |
| 2. | RDSNF/33701169/082/83-04 | 1. Himal -Parasi JV, Dailekh<br>2. BRS-Anup-Ashok Joint Venture<br>3. K R Builders Pvt. Ltd.<br>4. D.B. Construction and Suppliers | 5. Gangamala Nirman Sewa<br>6. Minu Construction Pvt. Ltd.<br>7. Upahar/Jamuna (J/V) |
| 3. | RDSNF/33701169/082/83-05 | 1. NEW BADALEK-MAMTAS-A. R Joint Venture<br>2. P. K. B. Nirman Sewa and Suppliers Pvt. Ltd.<br>3. BRS-Ashok Joint Venture, Budhiganga, Bajura | 4. SK Construction<br>5. Minu Construction Pvt. Ltd.<br>6. Bhumiraj-Rohit-Krish J.V. |
| 4. | RDSNF/33701169/082/83-06 | 1. SAGAR-KALIKOT J/V<br>2. S.H. -Jaya Shree Baidhanath Joint Venture | 3. Satyawati Nirman Sewa<br>4. Upahar/Jamuna (J/V) |
| 5. | RDSNF/33701169/082/83-07 | 1. NEW BADALEK-MAMTAS-A. R Joint Venture<br>2. P. K. B. Nirman Sewa<br>3. K R Builders Pvt. Ltd. | 4. B.R.S. Construction & Suppliers 5. SK Construction<br>6. Minu Construction Pvt. Ltd.<br>7. Jagadamba Nirman Sewa |
| 6. | RDSNF/33701169/082/83-08 | 1. Bhumiraj-Rohit-Krish J.V.<br>2. Purna Nirman Sewa | 3. SK Construction<br>4. Minu Construction Pvt. Ltd. |

**डिभिजन प्रमुख**



**Government of Province**
**Ministry Of Health**
**Health Directorate**
**District Hospital Panchthar**
**Koshi Province**

# Invitation for Electronic Bids No : DHP/MHIP /NCB/G/2082/83-1

**Procurement of Medicines for Hospital Pharmacy (Medicine, Surgical and Others)**
**Date of publication: 2082-08-01**

1. Government of Nepal has allocated the fund and intends to apply part of the funds to cover eligi ble payments under the Contract for the purchase of Procurement of Medicine for Health Insurance Pharmacy for District Hospital Panchthar, Phidim (Panchthar), Nepal
2. District Hospital Panchthar, Nepal invites electronic bids from eligible and qualified bidders for the procurement of Supply, Delivery, Installation, Testing & Commissioning of Procurement of Medicines Items as per the specification enclosed with the bidding documents.
3. Bidding will be conducted through the National Competitive Bidding (NCB) procedures as specified in GoN Public Procurement Act 2063 and is open to all eligible bidders.
4. Eligible Bidders may obtain further information from District Hospital Panchthar, Phidim (Panchthar), tel: 024 - 522188 and email address: panchtharhospital@gmail.com .
5. Electronic bid must be submitted to the District Hospital Panchthar, Phidim (Panchthar) through www.bolpatra.gov.np/egp as per e-GP system operation guidelines 2074 on or before 2082/09/02 ( 17/12/2025) at 12:00 Noon.
6. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp.
7. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal Bank Ltd. Name of the Office: Pradesh Lekha Eakai Karyalaya
   Office Code No. 3700202011
   Office Account No: 27002000001001000001 Revenue Head No. : 14229
8. Pre-bid meeting shall not be held.
9. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 2082/09/02 ( 17/12/2025) at 13:00 PM at District Hospital Panchthar, Phidim ( Panchthar) . Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, which shall be valid for minimum 30 days beyond the bid validity.
10. Information to deposit the Bid Security Amount in Bank:
    Name of the Bank : Nepal Bank Limited, Phidim
    Name of the Office : District Hospital Panchthar
    Office code : 37002020011
    Name of office : Province Treasury Controller Office (Pradesh Lekha Eakai Kaaryalaya ) Phidim Branch, Office Account No. 06702000002003000001
11. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
12. All the procurement procedures will be carried out under Public Procurement act 2007, Public Procurement Regulation 2007, Financial Procedure Act 1999 and Financial Procedure Regulation 2007. The Purchaser Reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason whatsoever.
13. The bidder may submit the bid for single or more package as mentioned below and offer discounts/ cross discounts. Evaluation will be done Unit by Unit basis, with contracts awarded based on the awards combination that is of least cost to the purchaser
14. The name and identification of the contract are as follows:

| S.N. | BIds No | Name of Procurements | Bid Documents Fee | Bid Security amount (NRS) |
|---|---|---|---|---|
| 1. | IFB No: DHP/MHIP/NCB/G/2082/083-1 | Procurement of Medicine and surgical Items for Hospital Pharmacy (Medicine, Surgical and Others) | 3000/- | 300000/- |

# प्रभाव दैनिक

सोमबार, ०१ मंसिर २०८२ (Monday, 17 November 2025)


रूपशाला

## 'अभिमन्यु : च्याप्टर १' को पोस्टर सार्वजनिक

पटक-पटक प्रदर्शन मिति स्थगित हुँदै आएको चलचित्र 'अभिमन्यु : च्याप्टर १' मंसिर १८ बाट प्रदर्शनमा आउँदै छ । यसैक्रममा निर्माणपक्षले आइतबार यस चलचित्रको नयाँ पोस्टर सार्वजनिक गरेको छ । पोस्टरमा चलचित्रका अधिकांश कलाकार छन् । कामेश्वर चौरसिया, लक्ष्मी बर्देबा, किरण श्रेष्ठ, सरिता गिरी, शिशिर बाङदेल, गौमाया गुरूङ, प्रकाश दाहाललगायत कलाकार पोस्टरमा अटाएका छन् । सेभेन सिज सिनेमाको प्रस्तुतिमा निर्माण भएको यो चलचित्र नेपाली र हिन्दी दुवै भाषामा नेपालभरका साथै भारत र विश्वव्यापीरूपमा प्रदर्शन गरिँदै छ ।






# जलरङ माध्यममा नौलो प्रयोग

■ नारायण ढुंगाना

काठमाडौं- कला सिर्जनाका माध्यममध्ये महत्त्वपूर्ण र सुरुआती माध्यम जलरङ हो । पारदर्शी यो रङ खेलाउन जति सजिलो छ उति नै कठिन पनि हुन्छ । सुरुआती चरणमा कलाकारले जलरङ खेलाउँछन् । पछि छाड्दै गएका कयौं उदाहरण छन् । तर नेपाली धेरै कलाकारले आफ्नो अन्य माध्यमसँगै जलरङलाई पनि सँगसँगै लगिरहेका छन् । नेपालमा कलाकार एनबी गुरुङको संयोजकत्वमा अन्तर्राष्ट्रिय जलरङ समाज नेपाल नै गठन गरेर जलरङको प्रवर्द्धन भइरहेको छ ।

त्यही जलरङलाई नौलो रूपमा प्रस्तुत गरी कला सिर्जना गर्न सकिन्छ भन्ने सन्देशसहित दरबारमार्गमा कलाकारले जलरङको प्रयोग गरी फरक शैलीमा सिर्जना गरेका चित्र देख्न पाइन्छ । दरबारमार्गस्थित १०८ ग्यालरीमा जलरङ माध्यममा बनाइएका तीन कलाकारका कला प्रदर्शनी भइरहेको छ ।

वरिष्ठ कलाकार हरेराम जोजु, कलाकार दिराम पाल्पाली र समाजका अध्यक्षसमेत रहेका कलाकार गुरुङ लामो समयदेखि कला सिर्जनामा पोख्त छन् । उनीहरूका कलाले अहिले दरबारमार्गको १०८ ग्यालरी कलामय बनेको छ । यहाँ प्रदर्शित कलामा उनीहरूको विषय र टेक्निक फरक-फरक पाइन्छ । कलाकार गुरुङका अमूर्त तथा मुहार चित्रका कला हेर्न पाइन्छ ।

जोजुले केही सम्पदा समेटेका छन् । प्रयोगवादी धारा अपनाउने जोजुका यहाँ केही प्रयोगात्मक कला देख्न पाइन्छ । उनी प्रायः नौलो प्रस्तुति दिन रुचाउने कलाकार छन् । यसपालि उनले सिटीका दृश्यचित्र र सम्पदालाई समेटेका छन्, तर नौलो प्रस्तुतिका साथ । नेपाली कागजमा विरलै प्रयोग हुन्छ जलरङ । त्यसैलाई सम्भव गरेर देखाइदिएका छन् कलाकार जोजुले ।

पोखराका सशक्त कलाकार जोजु 'न्युरो आर्ट' अवधारणालाई नेपालमा सशक्त बनाउँदै आएका छन् । उक्त धारका कलालाई उनले नेतृत्व नै गरिरहेको छ । यो धारको कलाले मानव मस्तिष्क, न्युरोसाइन्स, मनोविज्ञान, र चेतन मनलाई कलात्मकरूपमा प्रस्तुत गर्छ । उनको अर्को पहिचान हो 'अल्कोहल इंक आर्ट' । यो पनि उनले नै नेतृत्व गरिरहेको छ भन्दा फरक पर्दैन । उनका यी कलाले मनोपरामर्शको काम गर्छ । कला थेरापीकै रूपमा उनले काम गर्दै पनि आएका छन् । यी दुई कलाशैलीमा विज्ञानको संयोजन रहेको पाइन्छ । फरक र नयाँ प्रयोग गर्न रुचाउने जोजुले हाल दरबारमार्गमा जारी महिनाव्यापी कला प्रदर्शनीमा पनि जलरङको नयाँ प्रयोग गरेका छन् । क्यान्भास वा आर्ट पेटरलाई छाडेर नेपाली कागजमा त्यसमाथि जलरङ पोतेर चित्र कोर्नु उनको नौलो प्रयोग हो ।

उनले भने, 'म नयाँ तरिकाले काम गर्न चाहन्छु, त्यसैले यहाँ नेपाली कागजमा जलरङ प्रयोग गरेर कला बनाएको छु, यसको फाइदा के भने हाइलाइट निकाल्न सकिन्छ, यो तरिकाले गाह्रो विषय पनि वाटर कलरबाट बनाउन सकिन्छ है भन्ने देखाएको छु ।' उनका कुनै कला एक्रेलिक कुनै अइल कलरकाझैँ लाग्छन् । एक जना कार्टुनिस्ट अनुप तमु गुरुङ झट्ट हेर्दा उनका यहाँ प्रस्तुत कला एक्रेलिक माध्यम हो कि झैँ देखिने बताउँछन् । उनले कलाकार जोजुले सुन्दर ढंगले कलामा नौलो प्रयोग गरेको बताए ।

जलरङमा पूर्ण अमूर्त कला खासै देखिँदैन । अन्तर्राष्ट्रिय जलरङ समाज नेपालका अध्यक्ष गुरुङले त्यही जलरङका अमूर्त कला देखाएका छन् । उनले रङलाई फटाएर गरिने विधि 'ग्रानुलेसन'को प्रयोग गरेका छन् । यो विधिमा रङलाई पानीले धकेलेर आकारमा ढाल्ने गरिन्छ । गुरुङका मुहार चित्र, अमूर्त र रियलिस्टिक कला यहाँ देख्न सकिन्छ ।

नेपालमा नयाँ प्रयोगका रूपमा उनले वाटरकलर बगाएर नियन्त्रित कला सिर्जना गर्नु आफैंमा चुनौतीपूर्ण अभ्यास हो । कलाकार गुरुङ भन्छन्, 'वाटरकलरको गुण भनेको एकले अर्कोलाई धकेल्दै अघि बढ्ने हो, जति रोकावट हुन्छ, पछाडिको दबाबले धकेलिदिन्छ, यदि बाँध फुट्यो भने ठूलो शक्ति बोकेर निस्किन्छ नि, हो त्यसैगरी यो कलामा पनि पानीको दबाबमा रङ फाटेर आइदिन्छ, यहाँ मैले नियन्त्रित रङ बगाएर चित्र सिर्जना गरेको छु ।'

चित्र अवलोकन गर्दा यी सिर्जना पूर्ण अमूर्त र साइकोलोजिकल देखिन्छ । तर कला पारखीले आ-आफ्नै तरिकाले बुझ्न सक्छन् । यहाँ फरक-फरक व्याख्या गर्नसक्ने खालका सिर्जना छन् । 'मिस्टी हिल' शीर्षक दिइएको उक्त नौलो जलरङ माध्यमका उनका कलामा पहाडमा हुस्सु र कुहिलो मडारिइरहेकोझैँ लाग्छ । कुहिरो मडारिँदा पहाडलाई ढाक्ने र कतैकतै खुला रहने अवस्थाले प्रकृतिको सुन्दरतामा नयाँ आयाम थपिदिन्छ । उनका उक्त चित्रले त्यही पहाड र बादलुको घुम्टोलाई समेटेको अनूभूति मिल्छ ।

अर्का कलाकार पाल्पालीले जलरङकै माध्यममार्फत काठमाडौंका सम्पदालाई उठाएका छन् । उनले दृश्यचित्रसहितका सम्पदालाई र सांस्कृतिक विषयलाई १० वटा चित्रमार्फत प्रस्तुत गरेका छन् । उनका सिर्जनामा उपत्यकाका सम्पदा देख्न पाइन्छ । उनले भने, 'उपत्यकाका सम्पदा, संस्कृति र दृश्यचित्रलाई जलरङका माध्यमबाट प्रस्तुत गरेको छु ।' 'द भिजन वान इसेन्स' शीर्षकमा जारी कला प्रदर्शनी एक महिनासम्म चल्ने छ । *रासस*


## बहराइनमा रोजगार

कम्पनी : CHICKET WLL

पूर्व स्वीकृति मिति : २०८१/04/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८२/07/30 | LT. No. 308434 | चलानी नं. ६०२२३१३४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब BD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 100 | ३७,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CLEANER | 16 | 0 | 100 | ३७,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८२ मंसिर ८ गते (24th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sulav Recruitment Pvt.Ltd.**

Govt. License No. 1336/074/075

Maharajgunj, sankhapark, Kathmandu Nepal, Telephone : 01-5903011, Email: recruitment.sulav24@gmail.com, Website: www.hrsulav.com

## युएइमा रोजगार

कम्पनी : BERKELEY SECURITY SERVICES & BUILDING CLEANING (BR. OF BERKELEY SERVICES UAE LLC

पूर्व स्वीकृति मिति : २०८२/03/05 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/07/30 | LT. No. 325842 | चलानी नं. ६०२३९७९१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner General | 56 | 0 | 800 | ३०,८८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SENSIBLE STAR CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८२/04/30 | पुन विज्ञापन स्वीकृति मिति : २०८२/07/30 | LT. No. 329412 | चलानी नं. ६०२४३२१०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 20 | 0 | 1000 | ३८,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ मंसिर ८ गते (24th Nov. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

